का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक २८५
- २३ मंसिर २०७८, बिहीबार
- 9 December 2021, Thursday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।

■ काँग्रेस महाधिवेशन




# जुटेन सहमति

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २२ मंसिर।

सात मध्ये ६ प्रदेशको (प्रदेश-२ बाहेक) अधिवेशन सकिए लगत्तै केन्द्रीय नेतृत्वको उम्मेदवारी चयन गर्न जुटेको नेपाली काँग्रेस संस्थापन इतर समूहका नेताहरु बीच अझै सहमति जुट्न सकेको छैन। सोमबार देखि लगातार छलफल भइरहेपनि सभापतिको साझा उम्मेद्वार तयार पार्न सकिरहेका छैनन्। बुधबार पनि बैठक विना निष्कर्ष सकियो।

पूर्वमहामन्त्री प्रकाशमान सिंहको निवास चाक्सिबारीमा बुधबार बसेको बैठकमा सभापतिका आकांक्षीहरुले अडान छोडेनन्। केन्द्रीय सदस्य डा. रामशरण महतले अधिकांश नेताहरुले मिलेर जानुपर्ने सुझाव दिएको बताए। बिहीबार साँझसम्म साझा उम्मेद्वार चयन हुने पनि उनले बताए।

यो समूहमा वरिष्ठ नेता रामचन्द्र पौडेल, महामन्त्री डा.शशांक कोइराला, पूर्वमहामन्त्री प्रकाशमान सिंह र केन्द्रीय सदस्य डा. शेखर कोइराला सभापति पदको आकांक्षी छन्। महामन्त्री डा. शशांक कोइरालाले पनि सभापति पदको आकांक्षा राख्दै आएका थिए। तर शशांकले दाजु शेखरलाई सहयोग गर्ने बताएका छन्।

मंगलबार साँझदेखि उनले दावी छोडेको नेताहरुले बताएका छन्। पौडेलले भने सर्त सहित दावी छोड्ने बताएका छन्। पौडेलको सर्तअनुसार, प्रकाशमान र शेखर बीच सहमति जुट्नुपर्नेछ। यदि दुई नेताबीच सहमति नभए आफूलाई सहयोग गर्नुपर्ने पौडेलको तर्क छ। प्रकाशमान र शेखरले भने अडान नछोडेपछि बिहीबार दिनभरको छलफल निष्कर्षमा पुग्न सकेन।

दुवै नेताले अडान नछोडेपछि चाक्सीबारी छलफलमा पौडेल आक्रोशित बनेका थिए। "दुवैले नछोड्ने हो भने मलाई सहयोग गर्नुहोस्", पौडेलको प्रस्ताव थियो। तर दुवैले नछोड्ने र साझा उम्मेद्वार नबन्ने अवस्थामा पार्टी छोड्ने धम्की पौडेलले दिएका थिए। "दुवै जना नमिल्ने हो भने मलाई अलग हुन दिनुहोस्। घरमा आराम गरेर बस्न दिनुहोस्", पौडेलको भनाइ उदृत गर्दै एक नेताले भने।

साझा उम्मेद्वार तयार पार्न नसकेको यो समूहले बिहीबार बिहान केन्द्रीय सदस्य, बाँकी पृष्ठ २ मा

# तालिका तय

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २२ मंसिर।

सत्ताको नेतृत्व गरिररहेको दल नेपाली काँग्रेसको काठमाडौंमा शुक्रबार शुरु हुने महाधिवेशनको तयारी तीव्र पारिएको छ। प्रदेश-२ मा प्रदेश अधिवेशन हुन बाँकी रहेपनि काँग्रेसले प्रतिनिधिहरुको प्रारम्भिक सूची बुधबार सार्वजनिक गरेको छ।

पार्टीको वेवसाइडबाट सार्वजनिक गरिएको प्रारम्भिक प्रतिनिधि संख्या चार हजार ३१९ छ। यसमा महोत्तरी-३ र सर्लाहीका चार वटा निर्वाचन क्षेत्रको नामावली समावेश छैन। काँग्रेसले प्रतिनिधिसभा निर्वाचन क्षेत्रबाट २५ जना प्रतिनिधि चयन हुने मापदण्ड बनाएको छ। प्रारम्भिक सूचीमा समावेश नभएको नामावली शुक्रबार बिहान १० बजेभित्र सार्वजनिक गर्ने काँग्रेसले जनाएको छ।

> काठमाडौंमा शुक्रबार शुरु हुने सत्तारुढ दल नेपाली काँग्रेसको १४औं महाधिवेशनको तयारी अन्तिम चरणमा पुग्दा निर्वाचन तालिका सार्वजनिक गरिएको छ। तालिका अनुसार, २७ मंसिर बिहानबाट नेतृत्व चयनका निम्ति निर्वाचन हुनेछ।

महाधिवेशनको तयारीबारे छलफल गर्न काँग्रेसले आज केन्द्रीय कार्य समितिको बैठक बोलाएको छ। बिहान साढे ११ बजे केन्द्रीय कार्य समितिको बैठक बोलाइएको प्रवक्ता विश्वप्रकाश शर्माले बताए। उनका अनुसार, महाधिवेशनको तयारीबारे छलफल हुनेछ।

बुधबार नै काँग्रेसले निर्वाचन तालिका समेत सार्वजनिक गरेको छ। तालिका अनुसार, २४ मंसिर बिहान १० बजे मतदाता नामावली प्रकाशन गरिनेछ। २५ मंसिर बिहान १० बजे मनोनयन दर्ता शुरु हुनेछ भने त्यसैदिन साँझ ५ बजे अन्त्य हुनेछ। उम्मेद्वारी मनोनयन दर्ताप्रति दावी विरोध, जाँचबुझ २५ मंसिर साँझ ५ देखि ७ बजेसम्म हुनेछ। शनिबार राति ९ देखि १२ बजेसम्म मनोनयनपत्र फिर्ता लिइसक्नुपर्नेछ।

मतदान आइतबार बिहान ८ बजेबाट शुरु हुने निर्वाचन समितिका संयोजक गोपालकृष्ण घिमिरेले बताए। सभापति पदको दोस्रो चरणको निर्वाचन गर्नुपर्ने भएमा राष्ट्रिय सभागृह, भृकुटीमण्डपमा लगत्तै गरिनेछ र त्यस सम्बन्धी निर्वाचन सम्बन्धी थप कार्यक्रम मतदानस्थलमा नै प्रकाशन गरिने समितिले जनाएको छ।

महाधिवेशन शुक्रबार दिउँसो १ बजे भृकुटीमण्डपमा हुने र हलमा बन्द सत्र हुनेछ। समितिले व्यक्तिगत चरित्रमा लान्छना लाग्ने गरी प्रचार गर्न नपाईने, मर्यादित र अनुशासित भइ शान्तिपूर्णरुपमा प्रचारप्रसार गर्न पाइनेलगायत बाँकी पृष्ठ २ मा

## हेलिकप्टर दुर्घटनामा रावतको मृत्यु

काठमाडौं/एजेन्सी- भारतीय सेना प्रमुख विपिन रावत र उनकी पत्नीसहित ११ जनाको हेलिकप्टर दुर्घटनामा मृत्यु भएको छ। भारतीय सेनाले ट्विट गर्दै यसबारे जानकारी दिएको हो। भारतीय सेना प्रमुख रावत र उनकी पत्नीसहित १४ जना सवार हेलिकप्टर एमआई-१७ भीएच बुधबार मध्यान्हमा दुर्घटनामा परेको थियो। तमिलनाडुको निलिगिरिस जिल्लाको कुनुर भन्ने ठाउँमा पर्ने जङ्गलमा बुधबार उक्त हेलिकप्टर एउटा रुखमा ठोक्किएको थियो। यो दुर्घटनामा परेका एकजना सैन्य अधिकारीको उपचार जारी छ।

विस्तृत समाचार पृष्ठ ५ मा..

## उल्लेख्य नयाँ अनुहार

काठमाडौं/मस- चितवनमा सकिएको १० औं महाधिवेशनबाट ३०१ सदस्यीय केन्द्रीय कमिटी चयन गरेको छ। केपी शर्मा ओली फेरि अध्यक्षमा दोहोरिएको एमाले केन्द्रीय पदाधिकारी १९ सदस्यीय छन्। ओलीसँग अध्यक्ष पदमा पराजित भीम रावल सहित केन्द्रीय कमिटीमा नयाँ अनुहारको संख्या उल्लेख्य छ।

केन्द्रीय कमिटीमा १३७ जना (४६ प्रतिशत) नयाँ सदस्य रहेको एमालेले जनाएको छ। चितवनमा १०-१४ मंसिरमा १० औं महाधिवेशन भएको थियो। निर्वाचन र सहमतिका माध्यमबाट नयाँ नेतृत्व चयन भएको थियो। ३२ वर्षका युवा र महिलाहरुले पनि प्रवेश पाएका छन्।

केन्द्रीय कार्यालय सचिव शेरबहादुर तामाङका अनुसार, पुराना र नयाँ केन्द्रीय सदस्यको राम्रो सन्तुलन देखिएको विधान बमोजिम समावेशी अनुहार पनि कायम रहेको छ। एमालेले १० प्रतिशत (३१ जना) सम्म केन्द्रीय सदस्य मनोनयन गर्न बाँकी पृष्ठ २ मा

## नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचन सहितको साधारणसभा सम्वन्धी सूचना

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति **२०७८ मंसिर २१** गते बसेको संघ कार्यसमितिको निर्णयअनुसार संघको विधानको दफा २४ (२) को व्यवस्था बमोजिम आगामी मिति : २०७८ ०९/२३ गते हुन गइरहेको संघको **२९ औं** वार्षिक साधारणसभा तथा निर्वाचनको लागि प्रमुख निर्वाचन अधिकृत रविन्द्र शेरचन, निर्वाचन अधिकृत सुवर्ण श्रेष्ठ र सदस्य सचिव शम्भुप्रसाद निरौलासहितको निर्वाचन समिति गठन भएको व्यवहोरा सम्पूर्ण व्यवसायीज्यूहरुलाई यसै सूचनाद्वारा जानकारी गराउदछौं।

**सभामा निर्णयार्थ पेस गरिने विषयहरु (एजेण्डाहरु):**

१. कार्यसमितिको तर्फबाट प्रस्तुत गर्ने प्रगती विवरण र संघद्वारा भएका कार्यहरु उल्लेख गरिएको प्रतिवेदन पारित गर्ने।
२. आयव्ययको विवरण सहितको वासलात उपर छलफल गरि पारित गर्ने।
३. लेखा परिक्षकको नियुक्त गरि निजलाई दिने पारिश्रमिक तोक्ने ।
४. आगामी कार्यकालका लागि संघ कार्यसमितिको निर्वाचन गर्ने।

**साधारणसभा सम्वन्धी थप जानकारीहरु:**

साधारण सभामा भाग लिने प्रतिनिधी मनोयन गरि संघमा बाँकी रहेको मासिक शुल्क (लेबी) भुक्तानगरी संघमा कम्पनीको लेटरहेडमा लिखित निवेदन, शेयर लगतको प्रतिलिपी, नागरिकता वा राहदानीको प्रतिलिपी र **पासपोर्ट साईजको दुई प्रति फोटो मिति २०७८।०९।१० गते** भित्र पठाई प्रतिनिधी बारे जानकारी गराउनु हुन अनुरोध छ।

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८
E-mail: info@nafea.org.np/nafea@wlink.com.np/ nafea69@gmail.com
Website: www.nafea.org.np/ Facebook: www.facebook.com/nafeaorg

# साप्ताहिक बिदा बढेपछि यूएईको रोजगारीमा सहजता

**सुरिन भुजेल/मध्यान्ह**
यूएई, २२ मंसिर।

युनाइटेड अरब इमिरेट्स (यूएई)ले परिवर्तित साप्ताहिक बिदा कार्यान्वयनका लागि निजी क्षेत्रलाई आह्वान गरेको छ। यूएई सरकारले शुक्रबारदेखि आइतबारसम्म लागू हुने गरी हप्ताको साढे चार दिन मात्र काम गर्ने निर्णय मंगलबार सार्वजनिक गरेको थियो।

विश्वका अन्य देशमा हप्ताको ६ दिन दैनिक ८ घण्टा काम गर्नु परेको अवस्थामा यूएईले विश्वमै पहिलो पटक साढे चार दिनको कार्य हप्ता तोकेको निर्णय सार्वजनिक गरेको हो। सार्वजनिक बिदाको नयाँ निर्णयले काम र जीवनको तालमेलमा सन्तुलन मिलाउने र उत्पादत्वमा वृद्धि गर्ने सरकारी अधिकारीहरूलाई उद्धृत गर्दै स्थानीय समाचारपत्रहरूले टिप्पणी गरेका छन्।

नयाँ निर्णय अनुसार अब शुक्रबार आधा बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## हवाई भाडा चर्को भयो : संघ

**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले अन्तर्राष्ट्रिय उडानमा कायम हालैको जहाज भाडा वैदेशिक रोजगारीमा जाने कामदारका लागि अत्यन्तै महँगो रहेको भन्दै घटाउनु पर्ने माग गरेको छ। बुधबार नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेलाई भेट गरी संघको प्रतिनिधिमण्डलले कोरोना भाइरस (कोभिड-१९) विरूद्धको खोपले अन्तर्राष्ट्रिय उडानमा सहजता आई वैदेशिक रोजगारीमा केही सुधार आई वैदेशिक रोजगारीमा जाने नेपालीको संख्यामा वृद्धि भएपनि बाँकी पृष्ठ २ मा

## महिलाको सुरक्षा, सम्मान र रोजगारी प्राथमिकतामा

**काठमाडौं/रासस-** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले महिलाको सुरक्षा, सम्मान र रोजगारीलाई सरकारले प्राथमिकता दिएको बताएका छन्। संयुक्त ट्रेड युनियन समन्वय केन्द्रले काठमाडौंमा आयोजना गरेको तेस्रो महिला सम्मेलनलाई सम्बोधन गर्दै बाँकी पृष्ठ २ मा

## तु-आवश्यकता

यस म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला।

- Manager - 1 M/F
- Office Secretary - 1 Female
- PRO - 2 M/F
- Documentation - 1 M/F
- Office Boy - 1 Male
- Receptionist - 1 Female
- Driver - 1 Male




तलब आपसी सहमतीमा

सम्बन्धित काममा २ वर्षको अनुभव भई अंग्रेजी राम्रोसँग बोल्न लेख्न र पढ्न सक्ने हुनुपर्नेछ। कम्प्युटर राम्रोसँग जानेको हुनुपर्नेछ।

**त्रिवेणी ओभरसिज कन्सर्न प्रा. लि.**
बसुन्धारा, काठमाडौं। फोन नं.: ४९८७६०२, ४९८७६०३, मो: ९८४१५९६५७२, ९८०६९३०६०१
Email : trivenioverseas.nepal@gmail.com, info@trivenioverseas.com

## कतारमा रोजगार

कम्पनी: FAMILY FOOD CENTRE
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/०८/२२ चलानी नं.: ६०१६९८६० LT. No.:253171

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३३,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Salesman | 5 | 0 | | 1400 | ४६,२९८ | | | | | | | |

प्रि-अन्तर्वार्ता मंसिर २७ गते (13 Dec. 2021) र फाइनल अन्तर्वाता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस १ गते (16 December 2021) मा हुनेछ।

यसै कम्पनीको लागि Fish Monger, Butcher, Data Entry को माग भएकोले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीड शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**सगुन ओभरसिज सर्भिसेज प्रा.लि. (सगुन होम)**
श्रम इजाजत नं. ३९६/०६०/०६१
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिकास्थान-३२, फोन : ४४१७५३०, ४४४०१४६, ४४१८५३२
Mobile: 9851113226 Email: sagunoverseas@gmail.com

बाँकी पृष्ठ २ मा

## नेपाली बाईक राईडरलाई UAE मा रोजगारको अवसर

कम्पनी: CLASSIC EXPRESS DELIVERY SERVICES L.L.C शहर: DUBAI

पुर्व स्वीकृत मितिः २०७८/०७/१२ चलानी नं.: ६०१६६५९७ L.T. No.: 248901 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Motorcycle Driver | 75 | 0 | स. काममा दक्ष | 2000 | ६५,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७८ मंसिर २६, २७ र २८ गते (12, 13 & 14 December 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीड शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

यस कार्यालयको लागि ४ जना PRO कम्प्युटरमा दक्ष भएको चाहिएकोले इच्छुक व्यक्तिहरुले तुरुन्त कार्यालयमा सम्पर्क गर्नुहोला।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**ALETQAN NEPAL PVT. LTD.**
Govt. Lic. No. 313/059/060
G.P.O. Box No: 19970, New Baneshwor (Opp. Hams Hospital), Kathmandu, Nepal
Mob.: 9851017677, 9810143870, 9819152324, 9810143743
Tel.: 014792583, 4784551 Email: aletqannepal313@gmail.com

## राप्रपाको पहिलो बैठक

# एकता र सहकार्यका लागि वार्ता समिति गठन

**काठमाडौं/मस**–राष्ट्रिय प्रजातन्त्र पार्टीले समान विचार राख्ने व्यक्ति, समूह, संस्था, संगठन, पार्टी र धार्मिक क्षेत्रसँग एकता र सहकार्यका लागि महामन्त्री धवलशमशेर राणाको संयोजकत्वमा वार्ता समिति गठन गरेको छ ।

राप्रपाको नवनिर्वाचित केन्द्रीय कार्यसमितिको बुधबार बसेको बैठकले गठन गरेको सो समितिमा ऋषिबाबु परियार, दिलविकास राजभण्डारी, पुष्पराज पुरुष सदस्य रहेका छन् ।

अध्यक्ष राजेन्द्र लिङ्देनको अध्यक्षतामा बसेको बैठकले आगामी स्थानीय तहको निर्वाचनलाई मध्यनजर गर्दै महामन्त्री भुवन पाठकको संयोजकत्वमा भक्तिप्रसाद सिटौला, रमानन्द न्यौपाने, भरतजंग उप्रेती र प्राडा गीताभक्त जोशी सदस्य सचिव रहने गरी स्थानीय निर्वाचन परिचालन समिति गठन गरेको छ । यसैगरी नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरूको मर्यादाक्रम निर्धारण गर्न उपाध्यक्ष ध्रुबबहादुर प्रधानको संयोजकत्वमा केन्द्रीय सदस्य डा. राजेश गिरी र भरत




पाठक सदस्य रहेको मर्यादाक्रम निर्धारण समिति पनि गठन गरेको बैठकपछि जारी विज्ञप्तिमा उल्लेख छ ।

बैठकले पार्टीका नवनिर्वाचित सबै पदाधिकारी एवम् सदस्यहरूले पार्टीमा अनिवार्य बुझाउनुपर्ने रकम लेवीको निर्धारण गर्न महामन्त्री कुन्तीकुमारी शाही संयोजक रहेको समिति गठन गरेको छ। त्यस्तै पार्टीका सबै भ्रातृ सङ्गठनलाई तीन महिनाभित्रमा अनिवार्यरुपले महाधिवेशन सम्पन्न गर्ने कार्ययोजना र कार्यतालिका पेश गर्न समेत बैठकले निर्देशन दिइएको छ ।

आगामी पुस महिनाभित्र सबै प्रदेश कार्यसमितिलाई विस्तारित बैठक बोलाउन निर्देशन दिने निर्णय गरिएको महामन्त्री डा.धवल शमशेर राणाले जानकारी दिए । महाधिवेशनले तय गरेको राजनीतिक कार्यदिशा र लक्ष्यप्राप्तिका लागि पुस महिनाको पहिलो हप्तासम्म बैठक राखी संगठनलाई गतिशील र चलायमान बनाउन जिल्ला कार्यसमिति, संघीय निर्वाचन क्षेत्रीय समिति, प्रदेससभा निर्वाचन क्षेत्रीय समिति र स्थानीय तहअन्तर्गतका समितिलाई बैठकले निर्देशन दिएको पनि उनले बताए ।

# विद्यार्थीमा कोरोना संक्रमणपछि विद्यालय बन्द

**बैतडी/मस**–विद्यार्थीमा कोरोना संक्रमण देखिएपछि बैतडीको एक विद्यालय बुधबारदेखि दोस्रोपटक बन्द गरिएको छ । जिल्लाको पाटन नगरपालिका- ४ स्थित भूमेश्वर मावि ठाँडमा कक्षा १० मा अध्ययनरत एक छात्रामा कोरोना देखिएपछि विद्यालयलाई यसअघि मङ्सिर १९ गतेदेखि तीन दिनका लागि विद्यालय बन्द गरिएको थियो ।

यस्तै मंगलबार थप एक छात्रामा कोरोना देखिएपछि थप तीन दिन मङ्सिर २४ गतेसम्मका लागि विद्यालय बन्द गरिएको विद्यालयका शिक्षिका सुशीला भण्डारीले जानकारी दिए ।

संक्रमित विद्यार्थीको सम्पर्कमा रहेका विद्यार्थी र शिक्षकको कन्ट्र्याक्ट ट्रेसिङ गरी कोरोना परीक्षण गर्नुपर्ने भएकाले थप तीन दिन विद्यालय बन्द गरिएको विद्यालयले जनाएको छ ।


यसअघि सो विद्यालयमा



अध्ययनरत एक छात्रा मङ्सिर १७ गते कोरोना देखिएपछि मङ्सिर १९ गतेदेखि तीन दिनका लागि विद्यालय बन्द गरिएको थियो । थप एक छात्रामा कोरोना देखिएपछि विद्यालय फेरि तीन दिनका लागि बन्द गरिएको हो ।

यस जिल्लामा हाल कोरोनाका चारजना सक्रिय सङ्क्रमित रहेका छन्। सक्रिय सबै पाटन नगरपालिकाकै रहेको स्वास्थ्य कार्यालयले जनाएको छ । कोरोनाको नयाँ भेरियन्ट ‘ओमिक्रोन’छिमेकी देश भारतमासमेत देखा परेकाले कोरोना संक्रमणको जोखिम कायमै रहेकाले जनस्वास्थ्यका मापदण्ड पालना गर्न पनि आग्रह गरिएको छ । भारतसँग सीमा जोडिएको बैतडी जिल्लामा कोरोनाका कारण हालसम्म १८ जनाको मृत्यु भइसकेको छ ।

# चार बालबालिकाको उद्धार



**तम्घास/मस**–गुल्मीमा अभिभावकविहीन चार बालबालिकालाई एसोएस बालग्राम भैरहवाले उद्धार गरेको छ। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को पहलमा मदाने गाउँपालिकाका दुई र मालिकाका दुई बालबालिकालाई एसओएसले संरक्षण गरेको हो ।

मदाने-५ मलायगिरीका चार वर्षीय बालक कुलदीप र १३ वर्षीया बालिका लक्ष्मी विक चार वर्षदेखि अभिभावकविहीन थिए। मालिका-३ ह्वाङदीका पाँच वर्षीय सन्दीप र तीन वर्षीय प्रदीप घर्ति मगर १४ महिनादेखि अभिभावविहीन भएका थिए। लामो समय बालबालिकाको बिचल्ली भएपछि इन्सेक गुल्मीसँग आफन्त र वडा कार्यालयबाट संरक्षणमा पहल गर्न निवेदन पेस भएको थियो ।

बालबालिकाको संरक्षण गर्न इन्सेकको पहलमा जिल्ला प्रशासन कार्यालय र दुवै स्थानीय तहको समन्वयमा एसोएसमा बालबालिका भर्ना गरिएको इन्सेक गुल्मीका प्रतिनिधि टोपलाल अर्यालले जानकारी बताए ।

मदानेका दुई दिदीभाइ गाउँपालिका उपाध्यक्ष सरिता खड्का र मालिकाका दुई दाजुभाइ वडाध्यक्ष राजकुमार विकले एसोएसमा लगेर भर्ना गरेका हुन्। एसोएस भैरहवाको टोलीले कात्तिक ११ गते गाउँ आएर बालबालिकाको वास्तविक अवस्थाको प्रतिवेदन बनाएको थियो ।

प्रतिवेदनका आधारमा बालबालिकालाई एसोएस बालग्राममा भर्ना गरिएको कार्यालय प्रमुख गोविन्द ढकालले जानकारी दिनुभयो । भर्ना भएकामध्ये दिदी लक्ष्मी विक काठमाडौं होटलमा काम गर्थिन् ।

ढकालले अभिभावकविहीन बालिका होटलमा बालश्रम गरिरहेको पाइएपछि एसोएसको प्रतिवेदनका आधारमा बालिकालाई होटलबाट समेत उद्धार गरिएको बताए । एसोएसको सिद्धान्तमा पनि भाइबहिनीलाई छुटाउन नपाइने भएकाले होटलबाट समेत उद्धार गरेर संरक्षण गर्न पाएकामा ढकालले खुसी व्यक्त गे ।

# सुदूरपश्चिमका ६ जिल्ला बाढीपहिरो संकटग्रस्त क्षेत्र

**काठमाडौं/मस**–सरकारले सुदूरपश्चिमका ६ पहाडी जिल्लालाई बाढीपहिरो संकट क्षेत्र घोषणा गरेको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आले नेतृत्वको टोलीले गएको कात्तिक ३ गते ती जिल्लामा बाढीपहिराले मानवीय तथा धनजनको ठूलो क्षति गरेकाले यस क्षेत्रलाई संकटग्रस्त क्षेत्र घोषणा गर्न माग गरेको थियो। सोही माग बमोजिम गृहमन्त्रालयले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम २०७८ माघ मसान्तसम्म लागू हुने गरी विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय गरेको हो ।

सरकारको निर्णयअनुसार डडेल्धुरा, बझाङ, बाजुरा, दार्चुला, बैतडी तथा डोटीलाई संकटग्रस्त क्षेत्र घोषणा गरिएको छ । असोज अन्तिम सातादेखि परेको बेमौसमी वर्षाका कारण आएको बाढीपहिराले दजनौंको मृत्यु भएको थियो भने करोडौंको बालीनाली नोक्सान भएको थियो । बाढीपहिराले सुदूरपश्चिमका बझाङ, बाजुरा, बैतडी, दार्चुला तथा डोटीका



नागरिकहरु अलपत्र परेका थिए भने कतिपय घरबारविहीन भएर बास बस्नका लागि पनि समस्यामा परेका छन् ।

सुदूरपश्चिमका नौवटा जिल्लामध्ये सबैभन्दा बढी मानवीय क्षति बझाङ तथा डोटीमा भएको थियो । बेमौसमी अविरल वर्षाका कारण सुदूरपश्चिम प्रदेशमा ३७ जनाको मृत्यु भएको थियो भने अर्बौंको धनजनको क्षति भएको थियो ।

सुदूरपश्चिमका डोटी र डडेल्धुरामा पाँच/पाँच, बझाङका चार तथा बैतडी, बाजुरा र दार्चुलाका दुई/दुई पालिका संकटग्रस्त क्षेत्र घोषणा भएका छन् । डोटीको दिपायल सिलगढी नगरपालिका, केआईसिंह, आदर्श, जोरायल र सायल गाउँपालिका र डडेल्धुराका नवदुर्गा, अमरगढी, आली ताल, गन्यापधुरा र परशुराम गाउँपालिका संकटग्रस्त क्षेत्र घोषणा भएका छन् ।

यसका साथै बझाङका थलारा, बित्थडचिर, खप्तडछान्ना र जयपृथ्वी गाउँपालिका, बैतडीका सिगास र शिवनाथ गाउँपालिका, दार्चुला दुहुँ र अपी हिमाल गाउँपालिका र बाजुराका हिमाली र जगन्नाथ गाउँपालिकालाई संकटग्रस्त क्षेत्र घोषणा गरिएको छ ।

# बलात्कार र हत्याका मुख्य योजनाकार पक्राउ

**सप्तरी/मस**–हत्या गरी खाल्डोमा गाडेर फरार रहेका ‘सिरियल किलर’ सुरुङगा नगरपालिका-१० थलाहाका ६० वर्षीय गुल्जार मियाँ नौ वर्षपछि पक्राउ परेका छन् ।

सिरहाको सखुवा नन्कारकट्टी गाउँपालिका-१ महेशबारी टोलमा लुकिछिपी बसिरहेको अवस्थामा अभियुक्तलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिए । शृंखलाबद्ध बलात्कार र हत्याका मुख्य योजनाकार साविक टिकुलिया गाविस-६ घर भई कुशहा- ६ बस्ने सकिल हुसेन मियाँ र उनका साथी गुल्जार मियाँ तथा मस्तकिम मियाँ लामो समय नेपाल बाहिर रहँदै आएका थिए ।

# ज्येष्ठ नागरिकलाई ‘बुस्टर डोज’ दिइने

**काठमाडौं/मस**– स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना भाइरस विरुद्धको खोप लगाएका व्यक्तिलाई खोपको थप मात्रा (‘बुस्टर डोज’) दिने भएको छ। राष्ट्रिय खोप सल्लाहाकार समितिको सिफारिसका आधारमा ६० वर्षभन्दा माथिका भेरोसेलको दुई मात्रा लगाएका ज्येष्ठ नागरिकलाई बुस्टर डोज दिइने भएको हो ।

समितिको सिफारिस र विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को मापदण्डमा परेका ६० वर्षभन्दा माथिका भेरोसेल खोपको दुई मात्रा लगाएका ज्येष्ठ नागरिकलाई एक मात्रा खोप पुनः दिन थालिएको स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखाका प्रमुख डा.विवेककुमार लालले जानकारी दिए ।

राष्ट्रपति विद्यादेवी भण्डारीले पनि स्वास्थ्यमन्त्री विरोध खतिवडा र मन्त्रालयका उच्च अधिकारीसँग यही मङ्सिर १७ गते गरेको छलफलमा एक चरण खोप लगाइसकेका नागरिकका लागि विशेषज्ञको राय लिएर ‘बुस्टर डोज’ उपलब्ध गराउन आग्रह गरेकी थिइन् ।

‘भेरोसेल खोपको दुई मात्रा लगाइसकेका ६० वर्षभन्दा माथिका व्यक्तिलाई थप मात्रा (बुस्टर डोज) दिन डब्लुएचओले सिफारिस गरेको छ’ उनले बुधबार मन्त्रालयले गरेको नियमित पत्रकार सम्मेलनमा भनिन्, ‘सोही सिफारिसलाई खोप सल्लाहकार समितिले नेपालमा पनि ६० वर्षभन्दा माथिका भेरोसेल लगाएका दुई मात्रा लगाएका सबै व्यक्तिलाई तीन महिनापछि एक मात्रा खोप बुस्टर डोज लगाउन सिफारिस गरेको छ ।

सोही अनुसार मन्त्रालयले गृहकार्य अगाडि बढाइसकेको छ ।’ बढीभन्दा बढी जनसंख्या खोप लगाएपछि पनि पुनः थप मात्रा (बुस्टर डोज) दिने उनको



भनाइ रहेको छ । ‘अहिलेको कोरोना भाइरसको भेरियन्टको संक्रमणको जोखिम कति छ । यसभन्दा अगाडि लगाएका खोपले अहिलेको भेरियन्टसँग जुध्न सक्छ कि सक्दैन भन्ने अध्ययनको नतिजा आउँछ भन्नेबारेमा डब्लुएचओले बुस्टर डोजको अध्ययन गरिरहेको छ । त्यो सबैको परिणामको पुनः आकलन गरेर सरकारले बुस्टर डोजको बारेमा थप निर्णय लिने छ’ उनले भनिन् ।

केही विशेष अवस्थाका व्यक्तिलाई खोप लगाएपछि जुनस्तरमा रोग प्रतिरोधात्मक क्षमता हुनुपर्ने हो, त्यो नभएपछि त्यस्ता व्यक्तिलाई थप मात्रा (बुस्टर डोज) दिन डब्लुएचओले सिफारिस गरेको छ । यस्तै क्यान्सरका रोग भएका, अंग प्रत्यारोपण गरेका, रोग प्रतिरोधी क्षमता कम भएका (एचआइभी), रोग प्रतिरोधी क्षमता दबाउने औषधि प्रयोग गर्ने व्यक्तिलाई लक्षित गरी एक मात्रा खोप दिनका लागि पनि डब्लुएचओले सिफारिस गरेको छ ।

विश्वका केही देशले आफूखुशी निर्णय गरेर बुस्टर डोज लगाउने गरेको पाइएको छ तर डब्लुएचओले सबै जनसंख्यालाई समेटेर बुस्टर डोज लगाउनका लागि सिफारिस भने गरेको छैन । नेपालमा कोभिशिल्ड एस्ट्राजेनिका, भेरोसेल, जोन्सन एण्ड जोन्सन र फाइजर खोप लगाइँदै आइरहेको छ । नेपालमा लक्षित जनसंख्याको ५३.७ प्रतिशतलाई पहिलो मात्रा र ४४.५ प्रतिशतलाई पूर्ण मात्राको खोप लगाइएको छ ।

**कोभिशिल्ड छ लाख मात्रा आयो, मोडर्ना आउँदै**

कोराना भाइरस विरुद्धको खोप कोभिशिल्ड बुधबार छ लाख मात्रा नेपाल आएको छ । कोभ्याक्स सुविधाअन्तर्गत भारतको खोप बुधबार दिउँसो कतार एयरवेजबाट नेपाल आइपुगेको स्वास्थ्य सेवा विभागको आपूर्ति व्यवस्थापन शाखाका प्रमुख सुरेन्द्र चौरसियाले जानकारी दिए ।

उनका अनुसार खोपलाई टेकुस्थित भण्डारण केन्द्रमा राखिएको छ । बुधबार आएकोसँगै नेपालमा अहिलेसम्म दुई करोड ७८ लाख मात्रा खोप नेपाल आइसकेको उनले बताए । यस्तै आज अमेरिकाबाट मोडर्ना खोप आउँदैछ । उनले आज १४ लाख मात्रा मोर्डना खोप नेपाल आउने जानकारी दिए । मोडर्ना खोप १२ देखि १७ वर्ष उमेरसमूहका बालबालिकालाई लगाइन्छ । सरकारले बालबालिका लागि ४० लाख मात्रा मोडर्ना र ६० लाख मात्रा फाइजर खोप खरिद गरी पुस १५ गतेसम्म ल्याउने तयारी गरेको छ ।

### जुटेन...

जिल्ला सभापति र निवर्तमान जिल्ला भापतिहरुसँग समेत छलफल गरेको थियो। तर नेताहरुले साझा उम्मेद्वार बनाएर जानुपर्ने दबाव दिए । “सवै नेताहरुको सुझाव साझा उम्मेद्वार बनाएर जानुपर्छ भन्ने नै हो”, एक सहभागीले भने । तर कसलाई साझा उम्मेद्वार बनाउने भन्ने कसैले पनि प्रष्ट भनेनन् ।

गएको १३औं महाधिवेशनमा पौडेल यो समूहको उम्मेद्वार थिए। तर पौडेलसँग दोस्रो चरणको मतदानमा पराजित भए । अहिले त्यसबेलाका समूहभित्रै साझा उम्मेद्वार नबनाएमा फेरि पनि देउवाले चुनाव जित्ने नेताहरुले बताउँदै आएका छन् ।

शीर्ष नेताहरुबीच साझा उम्मेद्वार नबनेपछि केन्द्रीय सदस्यहरुले दबाव बढाएका छन् । त्यसका निम्ति यो समूह निकट केन्द्रीय सदस्य, जिल्ला सभापतिहरुको भेला नै बोलाइएको छ। आज केन्द्रीय सदस्यहरुले साझा उम्मेद्वार प्रस्ताव गर्ने तयारी गरेका छन्। तर त्यस्तो साझा उम्मेद्वार अहिलेका दावेदार नभएर नयाँ पुस्ताको हुनेछन् ।

केन्द्रीय सदस्य गुरुराज घिमिरेले साझा उम्मेद्वार तयार पार्नेगरी छलफल हुने बताए। “बिहीबार बिहान ८ बजे केन्द्रीय समितिका साथी बसेर साझा उम्मेदवार चयन गर्नेछौं”, घिमिरेले भने ।

### तालिका...

आचारसंहिता पनि जारी गरेको छ । कांग्रेस केन्द्रीय कार्यालय र राष्टियसभा गृह/भृकुटी मण्डप, प्रदर्शनी मार्ग यी दुई स्थान महाधिवेशनसँग सम्बन्धीतस्थल रहेकाले उक्त दुई स्थानको वरिपरी ५०० मिटर क्षेत्रभित्र निर्वाचनसँग सम्बन्धित कुनै पनि प्रकारको प्रचार सामग्री व्यानर भित्तेलखन, पोष्टर, तुल, पम्लेट, इत्यादी टास्न एवम् माइकिङ गर्न मनाही गरिएको छ ।

### उल्लेख्य...

सक्नेछ । यसैबीच एमालेको २५ र २६ मंसिरमा काठमाडौंमा बस्ने केन्द्रीय कमिटीको दोस्रो बैठकको कार्यसूची समेत सार्वजनिक भएको छ । बैठकमा स्थायी कमिटी गठन, विभागीय जिम्मेवारी, मनोनयन, महाधिवेशनको समीक्षालगायत कार्यसूचीमा छलफल गर्नेछ। त्यसका लागि अध्यक्ष केपी शर्मा ओली, वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष रामबहादुर थापा, महासचिव शंकर पोखरेल लगायत नेताहरु गृहकार्यमा जुटेको एमालेले जनाएको छ । एमालेले केन्द्रीय सदस्य नपरेको जुम्ला, पर्वत, सोलुखुम्बु र मनाङबाट पनि समावेश गर्ने गरी मनोनयन हुने जनाइएको छ ।

बैठकमा स्थायी कमिटी र पोलिटब्यूरो गठन, केन्द्रीय कमिटीमा मनोनयनलगायत १५ वटा कार्यसूची तय गरिएको छ । एकै बैठकमा यति धेरै कार्यसूचीसहित एमालेले महाधिवेशनपछि संगठनात्मक क्षेत्रमा सक्रियता देखाउँदैछ ।

तामाङले बैठकमा बाँकी केन्द्रीय सदस्यको शपथ ग्रहण, महाधिवेशनको समीक्षा, महाधिवेशनको सन्देश तथा पार्टी प्रवेश अभियान, केन्द्रीय सल्लाहकार परिषद् गठन, प्रदेशमा रिक्त पदाधिकारीको मनोनयन, जिल्ला र प्रदेश कमिटीको अधिवेशनको मिति निर्धारण, विधान सम्पादन र नियमावली संशोधन, बैठक सञ्चालन कार्यविधि, केन्द्रीय कार्यालय व्यवस्थापन, नेताको कार्यविभाजन र वरियताक्रम निर्धारण, जनसंगठनको सुदृढीकरण अभियानलाई कार्यसूचीमा राखिएको बताए ।

### साप्ताहिक...

दिनपछि शनिवार र आइतबार बिदा दिएर साढे चार दिनको कार्य हप्ता हुने गल्फ न्यूजले जनाएको छ । नयाँ निर्णय आगामी जनवरी पहिलो तारेखदेखि कार्यान्वयनमा आउने बताइएको छ । त्यसका लागि यूएईको निजी क्षेत्रले तीन हप्ताको तयारी समय पाएको छ।

यूएईमा आगामी फेब्रुअरीमा श्रम कानूनमा पनि केही परिवर्तन गर्ने तयारी छ । त्यसअघि नै सार्वजनिक साप्ताहिक कार्य समय परिवर्तनले परिवर्तन हुन लागेका श्रम कानून कार्यान्वयनमा सहजता आउने बताइएको छ । साढे चार दिनको कार्य हप्ता हुने भएपछि त्यसबाट नेपालबाट वैदेशिक रोजगारीमा जानेसहित आप्रवासी कामदारहरूलाई राहत मिल्ने बताइएको छ ।

### हवाई ...

चर्को हवाई भाडाका कारण विपन्न अवस्थाका कामदारलाई मर्का परेको ध्यानाकर्षण गरिएको संघका तृतीय अध्यक्ष किशोर कुमार केसीले मध्यान्हलाई बताए ।

संघको ध्यानाकर्षण पछि मन्त्री आलेले अत्यन्तै सकारात्मक प्रतिक्रिया दिएको भन्दै केही दिन भित्र नै नेपाली कामदारका प्रमुख गन्तव्य खाडी मुलुक लगायतका देशमा जानेका लागि हवाई भडाको समस्या समाधान हुने अपेक्षा गरिएको उनले बताए ।

### महिलाको ...

मन्त्री श्रेष्ठले राज्यका हरेक निकायमा महिलाको समान सहभागिता, मर्यादित रोजगारी र कार्यस्थलमा महिला हिंसा न्यूनीकरणका लागि सरकार प्रतिबद्ध रहेको बताए। मन्त्री श्रेष्ठले संगठित तथा असंगठित क्षेत्रमा कार्यरत महिलालाई सामाजिक सुरक्षा कोषमा सहभागी गराउन सरकार प्रतिबद्ध रहेको भन्दै रोजगारीमा महिलाका लागि आरक्षणको व्यवस्थाले महिलाको प्रतिनिधित्व बढाउनुका साथै महिला सशक्तीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए ।

सबै क्षेत्रका श्रमिकका लागि उचित श्रम अभ्यास, आधारभूत श्रमिक अधिकार र सामाजिक सुरक्षा आफ्नो प्राथमिकतामा रहेको बताउँदै मन्त्री श्रेष्ठले ज्यालामा असमानता रहेको अनौपचारिक क्षेत्रमा महिला कामदार बढी रहेकाले उनीहरूका समस्या सम्बोधन गरिने जानकारी दिए । आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका महिलाले अवसर प्राप्त गर्ने गरी रोजगारी वृद्धि गर्नुपर्ने मन्त्री श्रेष्ठको भनाइ छ ।

कार्यक्रममा सहभागी वक्ताहरूले विद्यमान ऐन-कानूनको प्रभावकारी कार्यान्वयनका साथै महिलामा आत्मविश्वास बढाउन, व्यावसायिक सीप तथा क्षमता विकास गर्नुका साथै हिंसा, शोषण र भेदभावको अन्त्य गरी कार्यक्षेत्र महिलामैत्री बनाउनुपर्नेमा जोड दिएका थिए ।


## साउदीमा रोजगारको अवसर

कम्पनी: HERFY FOOD SERVICES COMPANY
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०६/२०    चलानी नं.: ६०१६४९४७    L.T. No.: 247256    पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 38 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Car Public Driver | 10 | 0 | | 1800 | ५७,७०० | | | | | | | |

अन्तर्वार्ता होटल इस्टर्न प्यालेस प्रा.लि., इटहरी-४, सुनसरीमा २०७८ पुष २ गते (17 Dec. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1096/073/074

Yatra H.R. Solution Pvt. Ltd.
Gaurighat-7, Kathmandu, Tel: 4114682, 4114683
E-mail: yatrahr2017@gmail.com, Web.: www.yatrahrsolution.com
ITAHARI Contact NO.: 9802754376 / 9818386607 / 9827393100

# सुदूरपश्चिमका २० स्थानीय तह विपद् संकटग्रस्त क्षेत्र घोषणा



**रिदम सिंह/मध्यान्ह**
बभाङ, २२ मंसिर

सरकारले बभाङका ४ स्थानीय तहलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ । जसमा बभाङका थलारा गाँउपालिका, बित्थडचिर गाउँपालिका, खप्तडछान्ना गाउँपालिका र जयपृथ्वी नगरपालिका गरी ४ स्थानीय तह रहेका छन् ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ३२ को उपदफा १ ले दिएको अधिकार प्रयोग गर्दै गृह मन्त्रालयले २०७८ साल माघ मसान्तसम्म लागू हुने गरी ती स्थानीय तहलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय गरेको हो । स्थानीय तह बाढी, पहिरोलगायतबाट प्रभावित भएकाले संकटग्रस्त क्षेत्र घोषणा गरिएको हो । यस्तै, बभाङसहित सुदूरपश्चिमका २० सहित ३३ स्थानीय तहलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ । डडेल्धुराका नवदुर्गा गाउँपालिका, अमरगढी गाउँपालिका, आलिताल गाउँपालिका, गन्यापधुरा गाउँपालिका र परशुराम गाउँपालिका गरी ५ स्थानीय तह संकटग्रस्त क्षेत्र घोषणा भएका छन् । डोटीका ५ स्थानीय तहमा दीपायल सिलगढी नगरपालिका, केआइसिंह गाउँपालिका, आदर्श गाउँपालिका, जोरायल गाउँपालिका र सायल गाउँपालिका रहेका छन् ।

यस्तै, बाजुराका २ स्थानीय तहमा हिमाली गाउँपालिका र जगन्नाथ गाउँपालिका, बैतडीका दुई स्थानीय तहमा सिगास गाउँपालिका र शिवनाथ गाउँपालिका, दार्चुलाका दुई स्थानीय तहमा दुहु गाउँपालिका र अपिहिमाल गाउँपालिका छन् ।

ती स्थानीय तह बाढी, पहिरोलगायत विपदबाट प्रभावित भएकाले संकटग्रस्त क्षेत्र घोषणा गरिएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले बताए । उनका अनुसार ती स्थानीय तहमा क्षतिको पुनःनिर्माण तथा पुनःस्थापनाको काम, घर तथा सडक तथा विद्यालय निर्माणको काम गरिनेछ ।

# मानवअधिकार रक्षाका लागि सबै क्रियाशील हुन आवश्यक



**काठमाडौं/मस**–उपराष्ट्रपति नन्दबहादुर पुनले मानवअधिकार रक्षाका लागि सबैले आ–आफ्नो क्षेत्रबाट क्रियाशील रुपमा भूमिका निर्वाह गर्नुपर्ने बताएका छन् ।

त्रिहत्तरऔं अन्तर्राष्ट्रिय मानवअधिकार दिवस तथा १३ औं मानवअधिकार महाभेलाको उद्घाटन गर्दै उनले शान्तिप्रक्रिया टुंग्याउने विषयमा विश्वको ध्यान नेपालतर्फ आकर्षित भइरहेको हुँदा सबै मानवअधिकारकर्मी मिलेर त्यसतर्फ ध्यान दिनुपर्ने बताए ।

'नेपालले मानवअधिकारलगायत अन्तरर्ाष्ट्रिय अन्य सन्धि महासन्धिमा हस्ताक्षर गरेकाले त्यसको उद्देश्य र लक्ष्यअनुसारको नेपालले काम गनुपर्र्ने अवस्था छ', उनले भने,' त्यसअनुरूप नेपालले कार्यान्वयनमा ध्यान दिनुपर्छ ।' उपराष्ट्रपति पुनले मानवअधिकार महासन्धिले गाँस, बास, कपास, स्वास्थ्य शिक्षासहित स्वतन्त्रतापूर्वक बाँच्न पाउने हकको रक्षा नै मानवअधिकार भएको ठहर गरेको भए पनि स्वास्थ्य र शिक्षा पूर्णरूपमा निःशुल्क गर्न नसकिएको बताए । राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले सबै समुदाय, क्षेत्र र वर्ग सबैलाई समानरुपमा मानव अधिकारको उपयोग गर्न पाउनुपर्ने बताए । मानव अधिकारकर्मी दमननाथ ढुङ्गानाले नेपाली नागरिकले लोकतन्त्रता ल्याउनका लागि दिएको बलिदानको अर्थपूर्ण भए मानव अधिकारको दृष्टिकोणले राम्रो हुने बताए ।

# प्रेस काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत खनाललाई पत्नी शोक



**काठमाडौं/मस**– प्रेस काउन्सिल नेपालका वरिष्ठ प्रशासकीय अधिकृत एवं प्रवक्ता दिपक खनाललाई पत्नी शोक परेको छ । खनालकी श्रीमती अनिता आचार्यको ३८ वर्षको उमेरमा निधन भएको हो ।

आचार्यको मंगलबार राति निधन भएको पारिवारिक स्रोतले जानकारी दिएको छ । यसैबीच प्रेस काउन्सिल नेपालले आचार्यको निधनप्रति दुःख व्यक्त गरेको छ । प्रेस काउन्सिलले भनेको छ, 'प्रेस काउन्सिल नेपालका वरिष्ठ प्रशासकीय अधिकृत एवं प्रवक्ता दीपक खनालकी पत्नी अनिता आचार्यको २०७८ मंसिर २१ गते राति निधन भएको दुखद् घडीमा प्रेस काउन्सिल स्वर्गीय अनिता आचार्यप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै परिवारजनमा समवेदना प्रकट गर्दछ ।'


**श्री सुर्खेत जिल्ला अदालतबाट जारी भएको, जिल्ला बर्दिया बासगढी नपा वडा नं ९ माछागढ मुलघर भई हाल सुर्खेत भेरीगंगा नपा वडा नं ९ जहरे बस्ने टिकाराम चौधरीको छोरा वर्ष २७ का धनीराम चौधरी नाउको इतलायनामा............... ।**

उप्रान्त वादी जिल्ला बर्दिया बासगढी नपा वडा न ९ माछागढ मुलघर भई हाल सुर्खेत भेरीगंगा नपा वडा न ९ मा जहरे बस्ने टिकाराम चौधरीको बुहारी धनिराम चौधरीको श्रीमति वर्ष २३ को सुनिता श्रेष्ठ चौधरी आगे प्रतिवादी ऐ. ऐ. बस्ने टिकाराम चौधरीको छोरा वर्ष २७ को धनिराम चौधरी भएको मु.र. नं ७८-७७-००३१९ (०७७-CP-०१८६) को सम्बन्धविच्छेद मुद्दा मिति २०७७/०७/२३ गते यस अदालतमा दायर भएकाले तपाईको नाउमा यो इतलायनामा म्याद जारी गरी पठाइएको छ । यो इतलायनामा म्याद प्रकाशित भएका मितिले बाटाको म्यादबाहेक २१ (एक्काइस) दिनभित्र आफ्नो प्रमाणसहित आफै वा कानून बमोजिमको वारेस मार्फत लिखित रुपमा प्रतिउत्तर पत्र लिई हाजिर हुन आउनुहोला । नआई गुजारी बसेमा मुद्दा कानून बमोजिम हुनेछ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।
इति सम्वत २०७८ साल मंसिर २३ गते रोज ५ शुभम............... ।


# पुनर्निर्माणका दस्तावेज विपद् जोखिम न्यूनीकरणमा ज्ञानका भण्डार: राष्ट्रपति

**काठमाडौं/मस**–राष्ट्रपति विद्यादेवी भण्डारीले राष्ट्रिय पुनःनिर्माण प्राधिकरणले तयार पारेका दस्तावेज विपद् जोखिम न्यूनीकरणमा ज्ञानका भण्डारका रुपमा काम गर्ने बताएकी छन् ।

भूकम्पपछिको पुनःनिर्माणका क्रममा नेपालले प्राप्त गरेको अनुभव र सिकाइका बारेमा अन्तरर्ाष्ट्रिय समुदायलाई जानकारी गराउन आयोजित अन्तर्राराष्ट्रिय सम्मेलन उद्घाटन समारोहलाई बुधबार सम्बोधन गर्दै उनले सफलता, सिकाइ र अनुभवबाट उठेर विपदमुक्त मुलुक बनाउन आह्वान समेत गरे ।

विसं २०७२ वैशाख १२ र २९ गतेको भूकम्प एवं पटक–पटकका परकम्पले नेपालीलाई विपदमा पर्नाका साथै पाठसमेत सिकाएको राष्ट्रपति भण्डारीले बताइन् ।

भूकम्पले नभई निर्माण भएका कमजोर संरचनाले क्षति गर्ने भएकाले बलियो पूर्वाधार निर्माण गर्ने अवसरका रुपमा पुनःनिर्माण अवधि उपयोग भएको विश्वास उनले व्यक्त गरिन् ।

साढे छ वर्षअघिको भूकम्पले क्षतिग्रस्त संरचनाको पुनःनिर्माण महाअभियान २०७२ माघ २ गते सुरु भएको थियो ।

कार्यक्रममा परराष्ट्रमन्त्री डा.नारायण खड्काले समुदायले स्वामित्व लिने गरी पुनःनिर्माणका काम भएकाले दिगो हुने विश्वास व्यक्त गरे । विद्यालय, स्वास्थ्य संस्था, सांस्कृतिक सम्पदाजस्ता संरचना पुनःनिर्माणमा प्राथमिकता दिएर काम भएअनुसार परिणाम प्राप्त भएको उनको भनाइ थियो ।

अर्थमन्त्री जनार्दन शर्माले भूकम्पपछिको पुनःनिर्माण ९० प्रतिशत सम्पन्न भएको उल्लेख गर्दै निर्माण प्रविधि र क्षमतामासमेत वृद्धि भएको बताए । भूकम्पले क्षति भएका निजी आवास यसै वर्ष पुनःनिर्माण सम्पन्न गर्ने गरी सहरी विकास मन्त्रालयलाई जिम्मेवारी हस्तान्तरण गरिएको जानकारी पनि उनले दिए ।

श्रव्यदृश्य सन्देशमार्फत भारतीय विदेशमन्त्री एस जयशंकरले साढे ६ वर्षअघिको भूकम्पले क्षति पुगेका २८ वटा सांस्कृतिक सम्पदा पुनःनिर्माणमा भारतले सहयोग गरेको बताए । विद्यालय भवन, स्वास्थ्य संस्था र पुस्तकालय पुनःनिर्माणमा पनि भारतले सहयोग गरेको उनले बताए ।

श्रव्यदृश्य सन्देशमार्फत नै चिनियाँ विदेश मामिलामन्त्री वाङ यिले भूकम्पको लगत्तैपछिदेखि उद्धार, राहतका समयदेखि नै चीन नेपालको साथमा रहेको उल्लेख गर्दै पुनःनिर्माण सहयोग मिलेको बताए ।

कार्यक्रममा जापानका संसदीय एवं विदेश मामिला र उपमन्त्री होण्डा तारो, एशियाली विकास बैंकका उपाध्यक्ष सिजिन चेन, युरोपियन युनियन विपद् व्यवस्थापनका आयुक्त जनेज लेनार्किकलगायत विकास साझेदार संस्थाका प्रतिनिधिले नेपालमा भूकम्पपछिको पुनःनिर्माण सफल रुपमा अघि बढेको बताए ।

सम्मेलनमा नेपाल पुनः निर्माण प्राधिकरणका सचिव सुशीलचन्द्र तिवारीले विश्वका विभिन्न देशका ७०० प्रतिनिधि जुम प्रविधिमार्फत् सहभागी भएको जानकारी दिए ।

दक्षिण अफ्रिकाबाट फैलिएको कोरोना भाइरसको नयाँस्वरुप ओमिक्रोनका कारण थोरै मात्र विदेशी विज्ञ भौतिक रुपमा सम्मेलनमा उपस्थित भएका छन् । नेपालस्थित विभिन्न देशका कूटनीतिक नियोगका प्रतिनिधि एवं पर्यवेक्षक गरी १०० जना विदेशी नागरिक पनि भौतिक रुपमा ह्यात होटलमा जम्मा भएका छन् ।

सम्मेलनमा उद्घाटन र समापनसहित २० वटा सत्र रहनेछन् । 'पुनःनिर्माणबाट उत्थानशीलतातर्फ' भन्ने नाराका साथ आयोजना गरिने सम्मेलनमा निजी आवास, सांस्कृतिक सम्पदा, सार्वजनिक पूर्वाधार पुनःनिर्माण, जीविकोपार्जन तथा आर्थिक पुनःस्थापना र सुशासनका विभिन्न पक्षमा गरिएका अनुसन्धानमूलक प्रस्तुतिका साथै विषयगत गोष्ठीसमेत आयोजना गरिनेछ ।


## नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/०८/२३**

**जम्बाला कन्ष्ट्रक्सन कम्पनी प्रा.लि. नं (१३९२५७)**को मिति २०७२/०७/२३ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्ताव द्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **गुरु जम्बला कन्ष्ट्रक्सन कम्पनी प्रा.लि.** कायम गर्ने गरी मिति २०७२/०८/१६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## हार्दिक श्रद्धाञ्जली



जन्म मिति
वि.स. २०१८/०६/३०


स्वर्गारोहण मिति
वि.स. २०७८/०६/१९

**स्व. देवीमाया रिजाल**

मोरङ – काठमाडौं सम्पर्क मञ्चका पूर्व सह–संयोजक
क.नगेन्द्र रीजालको ममतामयी आमा स्व. देविमाया रिजालको
स्वर्गारोहण भएको आज १३ औं पुण्यतिथिमा
दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै
हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।
साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनमा
हार्दिक समवेदना प्रकट गर्दछौं ।

मोरङ – काठमाडौं सम्पर्क समन्वय समिती
ने.क.पा माओवादी केन्द्र

## हार्दिक श्रद्धाञ्जली



जन्मः १९८२।०५।१४
बाहुनीडाँडा–२ कटुवा, खोटाङ
हाल हलेसी तुवाचुङ न.पा.–१

समाधि २०७८।०७।०९
रंगेली न.पा.–१
विशालबजार, मोरङ

**स्व. अम्मर बहादुर कार्की**

अत्यन्त मिलनसार, मृदुभाषी, समाजप्रति जवाफदेही, धर्म प्रति निष्ठावान रही दोश्रो विश्वयुद्ध बर्माको लडाइमा सरिक रही ९७ वर्ष सम्म पनि परिवारका सबै सदस्य, समाज र राष्ट्रको भलाई सोच्ने निष्कलंक हाम्रा पिता/ससुरा/हजुरबुवा **अम्मर बहादुर कार्की** ब्रह्मलिन हुनु भएको **४५ औं दिनको** पुण्यतिथिमा श्रद्धा सुमन अर्पण गर्दछौं ।

**छोरा/बुहारी**
डोटराज कार्की/मोहन कुमारी कार्की
भिमअर्जुन कार्की/कमलादेवी कार्की
लोक बहादुर कार्की/चुडादेवी कार्की
अनन्त कार्की/अर्चना के.सी कार्की

**छोरी/ज्वाई**
विष्णुमाया बस्नेत/सोभित मान बस्नेत
मीन कुमारी राउत/जंग बहादुर राउत
दीपा बुढाथोकी/प्रेम बहादुर बुढाथोकी
मनकुमारी कटुवाल/स्व.प्रेम बहादुर कटुवाल
लिलामाया बस्नेत/रण बहादुर बस्नेत

**नाति/नातिनी-बुहारी**
आशिष कार्की/संगिता गिरी कार्की
चक्र बहादुर कार्की, यमन कार्की
सरोज कार्की, मनोज कार्की
आदित्य कार्की

**पनाति**
सुयम कार्की

## UAE र कुवेतमा रोजगार

१. कम्पनीः **UPLIFT SELIVERY SERVICES L.L.C.** शहरः UAE

पूर्व स्वीकृत मितिः २०७८/०७/३० चलानी नं.: ६०१६७७१८ LT. No.: 250821 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Motorcyclist | 250 | 0 | स. काममा दक्ष | 1500 | ४९,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुष २ गते (17 December 2021) मा हुनेछ ।**

२. कम्पनीः **AMANKO SECURITY COMPANY** शहरः Kuwait

पूर्व स्वीकृत मितिः २०७८/०८/२२ चलानी नं.: ६०१६९९२१ LT. No.: 253274

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 125 | 0 | स. काममा दक्ष | 125 | ४९,७११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुष १ गते (16 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | UAE को निःशुल्क कुवेतको रु.१०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Link International Placement Service Pvt.ltd.** ISO 9001 : 2015
Govt. Lic. No.: 821/066/067
Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

Local Government

## Panchpokhari Thangpal Rural Municipality

## Office Of The Rural Municipal Executive

Thangpaldhap, Sindhupalchok
Bagmati Province, Nepal

**Re-Invitation for Sealed Quotation**

(First date of publication: 22 Nov 2021)
(Second date of publication: 9 Dec 2021)

Panchpokhari Thangpal Rural Municipality, Sindhupalchok invites only e-bid for the following goods under Sealed Quotation (SQ).

| S.No. | Tender No. | Tender Description | Price of Bid Document | Last Date of Bid Submission | Bid Opening Date | Bid Security |
|---|---|---|---|---|---|---|
| 1 | PTRM/ GOODS/ SQ/5/2078/079 | Supply and Delivery of Agricultural Equipment | NRS. 1000.00 | 24 Dec 2021, 12:00 Hours | 24 Dec 2021, 13:00 Hours | NRS. 49000.00 |

Eligible bidders may obtain further information from Panchpokhari Thangpal Rural Municipality Office during office hour.
**Tel: 9751099842 | Email: ito.panchpokharithangpalmun@gmail.com.**

## साउदीमा रोजगार

कम्पनीः **Musab Battal Faleh Al Dossary Establishment for Beverage Serving** शहरः RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०८/२२ चलानी नं.: ६०१६९८२६ LT. No.: 252961

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOR | 1 | 0 | स. काममा दक्ष | 1000 | ३२,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुष १ गते (16 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**कान्तिपुर ओभरसिज सर्भिसेज प्रा.लि.**
श्रम इजाजत पत्र नं.: १६७/०५६/०५७
सामाखुसी, काठमाडौं, फोनः ४३६०६१५, ४३६१९१६, ४३८५४९९, ४३८५६८९, ४३५३८२६
फ्याक्सः ४३६०६१६, E-mail : info@kantipuroverseas.com/kantipuros@hons.com.np

## HOSPITALITY TRAINING

Hilton Academy Pvt.Ltd. A great place for career

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।



नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN गरिएको जानकारी गराउदछौं

सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

## सम्पादकीय

# गैरजिम्मेवार जवाफ


झण्डै दुई महिना देखि सर्वोच्च अदालतको न्याय सम्पादन प्रभावित छ। ८ कात्तिकमा सर्वोच्चका न्यायाधीशहरूले इजलासमा नबस्ने निर्णय लिए पछि अहिलेसम्म सुनुवाइ प्रभावित हुँदै आएको छ। प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामा माग गर्दै न्यायाधीशहरूले इजलास बस्न छोडेका थिए। प्रधानमन्त्री शेरबहादुर देउवासँग मन्त्री कोटा लिने प्रधानन्यायाधीश जबराको राजीनामाले मात्रै न्यायायलयप्रति विश्वास बढ्ने न्यायाधीशहरूको निष्कर्ष छ। २२ असोजमा प्रधानमन्त्री देउवाले गैरसांसद गजेन्द्रबहादुर हमाललाई उद्योग मन्त्री नियुक्त गरेका थिए। प्रधानन्यायाधीश जबराका नातेदार हमाललाई प्रधानमन्त्री देउवाले सर्वोच्च अदालतको न्यायिक फैसलासँग साटेको आरोप लाग्यो। यसपछि प्रधानन्यायाधीश जबराको राजीनामा न्यायिक क्षेत्रको प्रमुख माग बनेको छ।

तर लामो समय सुनुवाइ प्रभावित भएपछि बीचको बाटो रोजेर आंशिक सुनुवाइ हुन थालेको छ। गएको १५ मंसिरदेखि गोलाप्रथाबाट इजलास तोकेर न्यायाधीशहरू सुनुवाइमा बसिरहेका छन्। तर पूर्ण समय सुनुवाइ भइरहेको छैन। प्रधानन्यायाधीश जबराको राजीनामा माग गर्दै गएको १४ कात्तिक देखि आन्दोलनरत नेपाल बार एशोसिएशनको आन्दोलनका कारण दिउँसो साढे एक बजेबाट मात्रै सुनुवाइ हुने गरेको छ। सर्वोच्च अदालत परिसरमा प्रदर्शन, प्रधानन्यायाधीश जबरालाई सर्वोच्च प्रवेशमा रोक र देशभर आन्दोलन भइरहँदा पनि उनीहरूको माग पूरा भएन। यसपछि सर्वोच्चका न्यायाधीशहरूले गोलाप्रथाबाट इजलास तोकेर सुनुवाइ गर्ने अनि बारको आन्दोलनको पनि सम्मान गर्नेगरी सर्वोच्च चलिरहेको छ।

प्रधानन्यायाधीश जबरा भने बेकाम सर्वोच्चमा बसिरहेका छन्। उनी सुनुवाइमा बसेका छैनन्। जबरासँग संयुक्त इजलासमा बस्न न्यायाधीशहरू तयार छैनन् भने कानून व्यवसायीहरू बहस गर्न तयार भएका छैनन्। यो अलमल बीच बारका पदाधिकारीहरूले भने राजनीतिक नेतृत्वसँग अदालतको संकट निकासमा पहल लिइदिन आग्रह गरेका छन्। बारले नेपाली काँग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी लगायत दलका प्रमुखसँग ज्ञापनपत्र बुझाउँदै न्यायालयको संकट समाधानमा पहल गरिदिन माग गरेको छ। जबरालाई हटाउनुपर्ने १४ कारण पनि पेश गरिएको छ। तर दलका नेताहरूले भने न्यायालयबारे नबोल्ने अडान लिइरहेका छन्। दलहरूको यो कदम गैरजिम्मेवारपूर्ण देखिन्छ। किनभने सदाकालका लागि न्यायालय बन्धक राखिदा संसद् र तिनमा प्रतिनिधित्व गर्ने दल मौन रहनु संवैधानिक र जनभावना बिपरीत छ। न्यायालय सुधारका निम्ति अझ बोझिलो विषय बनेको छ।

# क्रान्तिकारीहरुले अपनाउने रणनीति र कार्यनीति

नेपाली कम्युनिष्ट आन्दोलनलाई वैचारिक र भौतिकरूपमा सर्वहाराकृत नेतृत्वको खाँचो छ। यसप्रकार मात्रै नीति र नेतृत्वको रणनीति र कार्यनीतिलाई तालमेल मिलाउँदै कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउन सकिन्छ।



● चन्द्रहरी सुवेदी 'अटल'

रणनीति र कार्यनीतिबिच द्वन्द्वात्मक सम्बन्ध हुन्छ। कार्यनीति कतिपय बेला तत्कालै फेरिने र कतिपय बेला विरोधी पक्षलाई समेत साथमा लिएर रणनीतिसँग जोड्नुपर्ने अवस्था रहन्छ। रणनीतिक उद्देश्य पूरा नहुने कार्यनीति हुनै सक्दैन। तिलस्मी कुरा गरेर सगरमाथा चढ्ने रणनीति बनाएर हिन्द महासागरतिर यात्रा थाल्नु फट्याई मात्र हो। कुनै पनि हालतमा चर्तुऱ्याई र कला होइन। राजनीति विज्ञान मात्र होइन कला पनि हो। रणनीतिमा दृढ हुनु हरेक मालेमावादीका लागि अनिवार्य सर्त हो। कार्ल मार्क्सले प्रष्ट शब्दमा भनेका छन्, 'कम्युनिस्टहरू आफ्नो उद्देश्य लुकाउनुलाई अपराध ठान्छन्।' उद्देश्य प्रष्ट भइसकेपछि अपनाउने लचकता मात्र हो, कार्यनीति। केही समय अगाडि जाने साझा स्वार्थ र गन्तव्य मिलेपछि मात्र सँगै हिँड्न सकिन्छ।



उदाहरणको लागि राजतन्त्रात्मक संसदीय व्यवस्थाको अन्त्य गर्दै लोकतान्त्रिक गणतन्त्रको यात्रासम्म सँगै जाऔं भनेर १२ बुँदे सम्झौता गरिएको थियो। त्यसमा कसैले कसैलाई झुक्याएको फसाएको थिएन। यद्यपि तात्कालिन सात दलीय राजनीतिक शक्तिको हकमा यो कुरा ठिक थियो। उनीहरू लोकतान्त्रिक गणतन्त्रभन्दा अगाडि जान सक्दैनथे। किनकि त्यो उनीहरूको अन्तिम लक्ष्य त्यहि थियो। परन्तु माओवादीको हकमा भने यो कुरा अन्तिम थिएन र हुँदैनथ्यो। तर बिडम्बना भयो त्यही, जो नहुनु थियो। यसमा माओवादीको मुख्य नेतृत्व तहका नेताहरूले राष्ट्र र जनताका निम्ति घात गरे र लोकतान्त्रिक गणतन्त्रमै सीमित भएर बस्न जनयुद्धका सबै उपलब्धिहरूलाई काठमाडौंको टुकुचामा लगेर सेलाइदिए। लोकतान्त्रिक गणतन्त्र नै हाम्रो गन्तव्य हो भनेर कसैले भन्छ भने त्यो आफ्नो उद्देश्यबाट विचलित र स्खलित हो। त्यो मार्क्सको भाषामा अपराध हो।

लोकतान्त्रिक गणतन्त्रसम्म आउने कांग्रेस र एमालेको उद्देश्य हो, गन्तव्य हो। माओवादीको गन्तव्य र उद्देश्य नयाँ जनवाद हुँदै समाजवाद र साम्यवादसम्म पुग्नु थियो। लोकतान्त्रिक गणतन्त्रको स्टेशनमा आइसकेपछि तँ पनि अगाडि बढ्न पाउँदैनस्, हामीले तँलाई मूल घरमा ल्याएको हो यहीँ झर अगाडिको यात्रा गर्न पाउँदैनस् भनेर झोलाझाम्टा र खरखजाना खोस्न थाल्नु र हातमा समाएर ओराल्न खोज्नु मुर्ख्याइ मात्र थियो। तथापि माओवादीको मुख्य नेतृत्मा सिघ्र सत्तालिप्साको मोहले समात्यो र बाह्र बुँदे सम्झौताका सहयात्री सात दलीय शक्तिहरूले जता लतार्‍यो त्यतै लत्रिएर हिँडे। पार्टीभित्र भने विद्रोहको तयारी गर्ने हो भन्दै भ्रम दिइरहे। भ्रममा पारिरहे।

नेपाली कम्युनिस्ट आन्दोलनमा संयुक्त मोर्चा, न्यूनतम कार्यक्रम, अधिकतम कार्यक्रम, रणनीतिमा अत्यन्तै विवाद अस्पष्टता, भ्रम, अन्योल, संकिर्णता रहँदै आएको छ। पछाडि फर्केर समीक्षा र सिंहावलोकन गर्दा यस्ता पनि दिन थिए भनेर सम्झँदा अहिले उदेक लाग्छ। संयुक्त मोर्चा गर्दा केन्द्रलाई दलाल र गद्यार भन्ने त्यही पार्टीको तल्लो इकाईलाई देशभक्त र बामपन्थी भन्ने' जितेका पञ्चसँग कार्यगत एकता नगर्ने हारेका पञ्चसँग कार्यगत एकता गर्नेजस्ता वितण्डावादी कार्यशैली नेपाली कम्युनिस्ट आन्दोलनले व्यहोरेको छ। भनाई र गराइमा एकरूपता नहुँदा आशंका अविश्वास बढेको हो। मुसालाई बरदान दिँदै सिंह बनायो 'अब तैलाई खान्छु भन्न थालेपछि पुनः मुसिको भवः भन्ने ऋषिको 'श्राप'जस्तो बन्न पुगेको छ, माओवादी पार्टीको नीति र नेतृत्वको अवस्था। ग्रामिण क्षेत्र मुक्त भए अब मध्यम वर्ग र शहरमाथि विजय प्राप्त गरेर 'दलाल नोकरशाह र सामन्ती सत्ता' विद्रोह गरेर कब्जा गर्दै सर्वहारा हितमा प्रयोग गर्ने भनेर अप्रिल थेसिस लेख्दै अक्टोबर क्रान्ति गर्न आएको पार्टी' शहरको रमझममै हराएर आफ्नो गन्तव्य बिर्सदै गयो। कार्यनीतिक लचकताको नाममा रणनीतिक उद्देश्य र गन्तव्यलाई छुपेरुस्तमको शैलीमा विसर्जन गर्दै लगियो। रणनीतिक दृढता, इमान्दारिता, सरलता, लगनशीलताको ठाउँ कार्यनीतिक दाउपेच, फट्याई, बेइमान, वर्ग उत्थान र श्रमचोर प्रवृत्तिले लिँदै गयो।


रणनीतिक दृढता मात्र समाउने हो भने मार्क्सवाद कठमुल्लावादको धर्मशास्त्र बन्छ र हरेक माघ महिनामा पढिने स्वस्तानी ब्रत कथाभन्दा अरू केही हुँदैन। कार्यनीतिक लचकता मात्र अपनाउने हो भने मार्क्सवादको नाउमा कमाई खाने फटाहाहरूको एउटा झुण्ड मात्र बन्छ। जो एमाले र माओवादी केन्द्र बनिरहेको छ। मन जे भयो सत्य सहज ज्ञान आज जे काम गर्‍यो त्यही नै मार्क्सवाद भन्ने अलग अलग दैनिक कार्य तालिका मात्र बन्दछ। रणनीतिक दृढता र सिद्धान्त रक्षाको नाममा प्रयोग र विकासबाट अलग भएको मोहनविक्रम प्रवृत्ति हाम्रो अगाडि खडा छ। कार्यनीतिक चतुऱ्याईको नाममा मार्क्सवादको आधारभूत कुरा वर्गसंघर्ष सर्वहाराको नेतृत्वमा निरन्तर क्रान्ति बल प्रयोगको भूमिका अधिनायकत्व झिकिदिँदा एमालेजस्तो संसदवादी बहुदलीय जनवादी सुधारवादी बुर्जुवा पार्टी बन्ने खतरा छ। यी दुवैबाट बच्नै रणनीतिक दृढता र कार्यनीतिक लचकताको द्वन्द्वात्मक सम्बन्ध कायम गरेर अगाडि जाने पार्टीको आवश्यकता छ।

> ●●●
>
> रणनीतिक दृढता मात्र समाउने हो भने मार्क्सवाद कठमुल्लावादको धर्मशास्त्र बन्छ र हरेक माघ महिनामा पढिने स्वस्तानी ब्रत कथाभन्दा अरु केही हुँदैन। कार्यनीतिक लचकता मात्र अपनाउने हो भने मार्क्सवादको नाउमा कमाई खाने फटाहाहरूको एउटा झुण्ड मात्र बन्छ। जो एमाले र माओवादी केन्द्र बनिरहेको छ।
>
> ●●●

कार्यकर्ताको न्यूनतम आवश्यकताको गाँठो नफुकाउने हो भने कि त घरमा सम्पन्न भएका समस्या नभएका माथिल्लो वर्गका मानिसहरूको जमघट बन्छ पार्टी कि साधु सन्त र सन्यासीहरूको जस्तो बन्न पुग्छ। अर्कातिर कार्यनीतिक लचकताको नाममा वैचारिक उत्प्रेरणाको साटो भौतिक उत्प्रेरणालाई प्राथमिकतामा राख्ने हो भने पार्टीमा लाग्नु भनेको केही गुमाउन होइन केही पाउनको लागि हो भन्ने मानिसहरूको भिडतन्त्र बन्न पुग्छ। पार्टी बाँच्नको लागि खानको सट्टा खानको लागि बाँच्ने सम्प्रदायको पार्टी बन्छ। ठेक्कापट्टा, ठूला काला बजारीया, तस्करहरूले घेरा हाल्छन् र मार्क्सवाद उपयोगितावादमा फेरिन्छ। यसको द्वन्द्ववाद भनेको मैले पार्टीलाई के दिएँ भनेर सोच्ने, मलाई पार्टीले के दियो भनेर होइन भन्ने प्रवृत्तिको विकास गराउनु पर्छ भने तल्लो र विपन्न वर्गबाट आएका कार्यकर्तालाई सुख, दुःखमा साथ नदिने हो भने कम्युनिस्ट पार्टी अभिजात वर्गको पार्टीमा फेरिन्छ। निम्न पुँजीवादी समाजमा मानिसहरू सामुहिकतामा भन्दा वीर पूँजीवादी दृष्टिकोण राख्ने हुँदा हिरो खोज्ने प्रवृत्ति हुन्छ। त्यस्तो अर्थात् स्वस्थ, शिक्षित, धनी, हाकिम खोज्दै जाँदा मनहोमन, डा. केशरजंग रायमाझी, तुल्सीलाल, मोहनविक्रम जस्ता भेटिन जान्छन्।

नेपाली कम्युनिष्ट आन्दोलनलाई वैचारिक र भौतिकरूपमा सर्वहाराकृत नेतृत्वको खाँचो छ। यसमा पनि पार्टीले द्वन्द्वात्मक सम्बन्ध राख्नुपर्छ। हरेक नेता तथा कार्यकर्ताले पार्टीलाई बढी भन्दा बढी दिऊँ भन्ने र पार्टीबाट सकेसम्म नलिँऊ र कम भन्दा कम लिऊ भन्ने सोचाई राख्नुपर्छ। यसो गर्दा मात्र सर्वहारा, तल्लो वर्गबाट आएका कार्यकर्ता पेशेवर क्रान्तिकारीलाई पार्टीमा टिकाउन सकिन्छ। रणनीतिमा सबै सर्वहाराकृत भन्ने र बनाउने हो। उत्पादनका साधन भूमी, पूँजी, श्रम र संगठन सामाजिक सम्पत्ति बनाउने र समाजवाद ल्याउने हो तर, कार्यनीतिमा शासकवर्गकै एउटा तप्का विद्रोही बनेर क्रान्तिकारी बन्ने र तल्लो वर्गको मीतेरी बन्न आउने हुँदा हामीले शुद्धिकरणमार्फत् सर्वहाराकृत बनाउँदै अगाडि बढाउनु पर्छ। यसप्रकार मात्रै नीति, नेतृत्वको रणनीति र कार्यनीतिलाई तालमेल मिलाउँदै कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउन सकिन्छ।

## सामाजिक सञ्जाल



-मुमाराम खनाल

एमाले चितवनबाट सुध्रियो, कांग्रेस काठमाडौंबाट सुध्रिदैछ र माओवादी केन्द्र विगत चौतिस वर्षदेखि प्रचण्डको नेतृत्वमा निरन्तर सुध्रिरहेकै छ। बाँकी दलहरू बिग्रेकै छैनन्। सुध्रिनु नै किन पर्‍यो र ? बिग्रेको त व्यवस्था मात्र हो, दलहरू त सुध्रिसके।



- खगेन्द्र संग्रौला

अस्थायी प्राध्यापकलाई खोपी प्रतिस्पर्धाको झेली नाटकद्वारा स्वतः स्थायी गरिने रे ! भनेपछि अब कसैले म कवि हुन्छु भन्नासाथ स्वतः कवि, सांसद हुन्छु भन्नासथ स्वतः सांसद र विद्यावारिधि गर्छु भन्नासाथ स्वतः डाक्टर हुने भो हैन ? यो स्वतः को नाटकले भुईंफुट्टाको भीड पो बढाउने भो गाँठे !



- तिर्थ प्रसाइँ

फाइजर र बायोएनटेकको तेस्रो डोज खोपले ओमिक्रन न्युट्रलाइज गर्छ भनिसके। अब तेस्रो डोजलाई सर्वस्वीकार्य, कमन र नर्मल डोज बनाइसकेपछि चौथो डोज खोपको लागि अर्को भेरियन्ट रिलिज गर्नेछन्। खोप कम्पनीको विश्वास गर्नुस्, शंका नगर्नुस्, विज्ञान हो भन्नुस्, सय डोज नै खोपाउनु परे पनि तयार बस्नुस् !



- बाबुलाल भण्डारी

कोरोना खोपविरूद्धका कैयौं कडा लेखहरू उतिबेलै पढिएको हो, अन्तर्राष्ट्रिय मेडिकल माफियाहरूका घिनलाग्दा कृत्यबारे पनि राम्रो थाह छ। तर कुनै दीर्घरोग नहुने कैयौं परिचित युवाहरू काल कवलित भएको देखेपछि खोप नलगाएसम्म मनले मानेन्। अब बुस्टर खोप पनि लगाउनु छ। प्रत्यक्षम् कि प्रमाणम् ?



- पुरुषोत्तम ढुंगेल

हामी संघीयता जनताको पहुँचमा होस्, जनताको हितमा होस्, संघीयता देश समृद्धिको बाटो बनोस् भन्ने चाहन्छौं। तर पुराना पार्टी र तिनका नेताहरू संघीयता पार्टीको, नेताको र कार्यकर्ताहरूको पेवा बनोस् भन्ने चाहन्छन्। गणतन्त्र, संघीयतालाई चलायमान बनाउन ४८ अर्ब ऋण। नेताको महल बनाउन जनतालाई ऋणमा डुबाउनेको विरोध गरौं।

## समाज



● रोशनी वुढा

# बहसमा ग्रामीण पर्यटनको विकास

पर्यटन उद्योगको विकास भएमा दुर्गम तथा ग्रामिण क्षेत्रको विकास हुन्छ। दुर्गम क्षेत्रमा पर्यटकहरुको भ्रमण भएमा त्यहाँका जनताले रोजगार पाउछन् र स्थानीय साधन र स्रोतको विकास हुन जान्छ। यसर्थ ग्रामीण पर्यटनको विकासमार्फत् औसत गारिबीको रेखामुनी रहेका नेपाली जनताले आर्थिक फड्को मार्ने अवस्था हुन्छ।

पर्यटन भन्ने शब्द फ्रेन्च शब्द टुरिजस्बाट उत्पत्ति भएको हो। पर्यटन मुख्य तिन आधारबाट तय गरेको हुन्छ। यातायात, स्थान विशेष र सुविधालाई पर्यटकहरुले महत्व दिने गरेको पाइन्छ। तर पर्यटकहरु यी विषयभन्दा पृथक पनि हुन सक्दछन्। कोही खोज अनुसन्धानकर्ता हुन्छन् भने कोही क्षेत्रगत सिंहालोकनमा महत्व दिन्छन्। कतिपयले भने रमाइलो र आनन्दका लागि खर्च गर्दछन्। खासगरी पर्यटक केहो भन्ने विषयमा सन् १९१० मा अष्ट्रेलियन अर्थशास्त्री हस्यानवेनले स्वदेशी तथा विदेशी जो हुन् त्यसमा त्यो देशको शहर, बस्ती, क्षेत्रमा घुम्ने जान्ने र रमाइलो मात्रै होइन त्यस क्षेत्रको आर्थिक उन्नतीसँग जोड दिएका छन्। खासगरी प्राचिन कालदेखि नै घुमन्ते समाज भनिए पनि उनीहरु एक क्षेत्र र ठाउँ स्थान छोडेर अनेक स्थानमा जाने र त्यहाँको वस्तुगत पेशा, अध्ययन, एवम् त्यस ठाउँको सिंहालोकन गर्ने प्राचीन कालखण्डमा पाइन्छ। त्यसको उदाहरण मानिस बासस्थान बदल्ने र ठाउँ परिवर्तन गर्ने पनि हो। १८ औं शताब्दीमा आफ्नो ठाउँ छोडेर यात्री (यात्रा गर्ने) फोनेसियनको नाम नै अग्रपंक्तिमा छ।

पर्यटकीय हिसाबले नेपाल विश्वको करिब प्रथम श्रेणीमा पर्दछ। नेपालको विविधता विश्वका अरु देशभन्दा विशेष खालको छ। विश्वका अग्ला आठ हिमाल नेपालमा नै पर्दछन्। विश्वका देशमा धेरै जाति हुँदैनन् तर, नेपाल सबभन्दा बढी जातजाति, भेषभुषा, धर्मसंस्कृति एवम् अनेक किसिमका कलात्मक मठ मन्दिर, गुम्बा, चैत्य आदि थुप्रै छन्। प्राकृतिक सौन्दर्य, अनुपम संस्कृति, अतुलनीय सांस्कृतिक सम्पदा, अनगिन्ती पर्यटकीय स्थलका कारणले नेपाल पर्यटकीय देशको प्रमुख गन्तव्यको रुपमा प्रचिरित छ। अझ ग्रामिणमुखि पर्यटकीय क्षेत्रको विकास र विस्तार भएमा दुर्गम तथा ग्रामिण क्षेत्रका जनताको व्यापार तथा आर्थिक उन्नती र रोजगारको मुख्य स्रोत हुन सक्दछ।

नेपालको ग्रामिण क्षेत्रमा जनसंख्या वृद्धिदर उच्चे छ। तर रोजगारीको अवस्था सिर्जना हुन सकेको छैन। ग्रामिण पर्यटनको विकासले ग्रामिण बेरोजगारी समस्या हल गर्न सकिन्छ। ग्रामिण क्षेत्रमा पर्यटक घुम्न जाँदा लज, होटेल र रेष्टुरा व्यवसायको विकास हुन्छ। ग्रामिण पर्यटकले स्थानीय तहमा हुने स्थानीय सेवा र सुविधाको उपयोग गर्ने हुँदा कामदारले रोजगारी पाउनुका साथै कला, सीप तथा सांस्कृतिक जर्गेना हुन्छ। नेपाल सरकारले पनि ग्रामिण पर्यटन उद्योगको विकासका लागि योजनाबद्ध तरिकाबाट कदम चाल्नुपर्ने देखिन्छ।

पर्यटनको विकासले कला कौशलमा पनि वृद्धि हुन्छ। पर्यटनले स्वदेशी वस्तुहरु खपत गर्नुले वाणिज्य र व्यापारको विकासमा धेरै योगदान पुऱ्याउने गर्दछ। पर्यटन उद्योगको विकास भएमा दुर्गम तथा ग्रामिण क्षेत्रको विकास हुन्छ। दुर्गम क्षेत्रमा पर्यटकहरुको भ्रमण भएमा त्यहाँका जनताले रोजगार पाउछन् र स्थानीय साधन र स्रोतको विकास हुन जान्छ। यसर्थ ग्रामीण पर्यटनको विकासमार्फत् औषत गरिबीको रेखामुनी बाँधिएको नेपाली जनताले आर्थिक फड्को मार्ने हुन्छ। त्यहाँ पसल, रिर्सोट, रेष्टुरा, होटल, कुरियर सामान तथा त्यहाँको स्थानीय वस्तु खरिद-बिक्री गरी व्यापार व्यवसायमा पनि ठुलो उपलब्धी हुन्छ। यसरी गाउँको आयस्रोत बढ्छ भने गरिबी पनि घट्दै जाने हुन्छ।

पर्यटकको निरन्तर भ्रमणले गर्दा गाउँमा चेतनाको विकास हुन्छ। उनीहरुलाई विभिन्न किसिमको भाषा तथा संस्कृतिको अध्ययन गर्न सजिलो हुन्छ। ग्रामीण जनताको यथास्थितवादमा परिवर्तन हुन्छ र उनीहरु सबै कुरा बुझ्ने हुन्छन्। विस्तारै जातिय विभेद, छुवाछुत, छाउपडी आदि जस्ता सामाजिक कुरिति पनि समाप्त हुन्छ। समाजले काँचुली फेर्छ। पर्यटकहरु गाउँमा आउँदा नयाँ व्यक्तिको रहन सहन, भेषभुषा, भाषा, संस्कृति आदान-प्रदान भई विश्व एउटा गाउँ जस्तै हुन्छ। यसरी आफ्नो र अर्काको संस्कृति र सभ्यतालाई सवल र दुर्वल पक्ष केलाउनसमेत मद्दत पुग्छ।

ग्रामीण क्षेत्रको गरिबी तथा विपन्नता देखेर आन्तरिक र बाह्य पर्यटकहरुले विभिन्न संघ/संस्थामार्फत आर्थिक विकासका योजनामा लगानी प्रबर्द्धन गर्दछन्। विस्तारै ग्रामीण क्षेत्रमा पनि आर्थिक, सामाजिक विकासमा ठुलो टेवा पुग्दछ। यसर्थ केही समयमा विभिन्न किसिमको भाइरसले पर्यटन क्षेत्र धरापमा परे पनि विस्तारै यसको महत्व र देशको आर्थिक उन्नतीको प्रमुख आधार पर्यटन नै भएकोले ग्रामिण क्षेत्रका विभिन्न पर्यटकीय स्थल खोज गरी बाह्य तथा आन्तरिक पर्यटकहरुको विकास गर्नेतिर लाग्नुपर्दछ। राज्यले ग्रामीण पर्यटनलाई विभिन्न किसिमका कार्यक्रम ल्याएर विश्वभरि प्रचार प्रसार गर्नु नितान्त आवश्यक छ। गाउँको विकास भएमा देशको विकास हुन्छ। कोरोनाले थला परेको अर्थतन्त्रलाई उकास्न पनि ग्रामीण पर्यटनलाई अगाडि बढाउनु पर्दछ।

## पाठक-पत्र

### कांग्रेसमा गुट छ, विचार छैन

महाधिवेशनको मुखैमा पनि नेपाली कांग्रेसभित्र कुन पदमा को उम्मेदवार बन्ने भन्ने विषय अन्योल बनेको छ। तारान्तार रुपमा भइरहेका गुटगत भेला तथा बैठकहरु पनि निकास उन्मुख देखिएका छैनन्। कांग्रेस महाधिवेशनको मुखमा निकै अकर्मण्यतामा फसेको छ। पदको निम्ति भइरहेका विवादले अकर्मण्यतामा फस्नु समग्र राजनीतिकै लागि पनि सुखद होइन।

कांग्रेसमा महाधिवेशन चल्दै गर्दा कुनै विचारको विषयमा बहस भएको छैन। न त पुस्तान्तरणको विषयमा छलफल नै भएको छ। अहिले कांग्रेसका युवा नेता भनिएकाहरु बयोवृद्ध नेताहरुलाई लौरो टेकाउन तमतयार देखिएका छन्। उनीहरु वयोवृद्ध नेताहरुलाई जिम्मेवारी हस्तान्तरण गर्नुस् भन्ने हैसियत राखेका छैनन्। उनीहरु उनैलाई लौरो टोकाउँदै आफ्नो व्यवस्थापनको खोजी गरेका छन्।

कांग्रेसमा मूलतः तीन वटा गुट देखिएका छन्। १३ औं महाधिवेशनमा जस्तै कांग्रेसमा देउवा, पौडेल र सिटौला गुट कायमै छ। अहिले पनि राजनीति तिनै गुटको वरिपरि रिँगिरहेको छ। अन्यले गुटभन्दा बाहिरबाट भविष्य खोज्ने प्रर्यत्न गर्न सकेका छैनन्। गुटका नेतृत्व गर्ने पनि गुटको अस्तित्वलाई देखाएर तर्साउने प्रर्यत्नमा छन्।

अहिले तीनै गुटले कुनै खालको विचारको प्रतिनिधित्व गरेका छैनन्। प्रतिनिधित्व गरेको छन त केवल नेताहरुको व्यवस्थापन कसरी गर्ने भन्ने। आज विचार शुन्य भएका तीन वटै गुटहरुले देशको वर्तमान अवस्था, आगामी भविष्य र विश्व राजनीतिको प्रभावबारे छलफल गरेका छैनन्। ती तीन गुटभित्र यी विषयमा सोंच्ने हैसियत पनि देखिन्न। यसबाट के पुष्टी हुन्छ भने कांग्रेस देशको भविष्य हुँदै होइन।

● **खगेन्द्र पौडेल**, स्याङ्जा

### नेताबाट जनताले सबै कुरा सिक्न हुँदैन्

राजनीति सम्पुर्ण नीतिहरुको मुल नीति हो। राजनीतिले अरु सम्पुर्ण नीतिहरुको नेतृत्व गर्छ। राजनीतिकै निर्माण र कार्यान्वयन राजनीतिक नेतृत्वले गर्छ। विश्वराजनीतिमा औसतमा सबै नेतृत्वहरु समान स्तरका देखिदैनन्। नेपाली राजनीतिक नेतृत्वहरुलाई हामीले नजिकबाट नियालिरहेका छौं। यिनीहरु झनै बिबादित देखिन्छन्। नेतृत्व बन्ने लाइनमा लागेका हजारौं नेता तथा कार्यकर्ताहरु लागेका छन्। तर तिनीहरुमा आदर्श र नमुना नेता खोज्न गाह्रो हुने गर्छ।

केही समयअगाडि एमालेमा दश भाइको नामले परिचित नेतृत्वको समुहले एमालेका अध्यक्ष केपी ओली कम्युनिष्ट पार्टीकै सदस्य हुन लायक नरहेको आरोप लगाएर उनलाई सदस्यबाट नै हटाउने कुराको अगुवाई गरे। जब शक्ति सन्तुलन परिवर्तन आयो, १० भाइले सोंचेअनुरुप एमालेको चुनाव चिन्ह उनिहरुको नियन्त्रणमा रहन सकेन् उनिहरुले अध्यक्ष केपी ओलीसँग आत्मसमर्पण गरेर सम्पूर्ण नेपाली राजनीतिकै बद्नाम गर्ने काम गरे।

अर्को भर्खरै सम्पन्न राप्रपाको महाधिवेशनको हेरौं। उक्त महाधिवेशनमा कमल थापा राजेन्द्र लिङ्देनसँग अध्यक्ष पदमा मतविभाजनमार्फत पराजित भए। कमल थापाले आफ्नो राजनीतिक जीवनको सुरुवातदेखि नै राजसंस्थालाई आफ्नो आदर्शको रुपमा व्याख्या गर्दै आएका थिए। राजालाई एउटा अतुलनिय अवतारको रुपमा व्याख्या गर्दै आएका थिए। जब थापा लिङ्देनसँग पराजित भए उनि आफ्नै आस्थाको विरुद्धमा उत्रिएका छन्। वस्तुगत परिस्थितिअनुसार कार्यदिशा वा कार्यनीतिको रुपान्तरण गर्ने विषय एउटा हो। तर आफ्नै आस्था, आधारभूत दृष्टिकोण र पहिचान नै स्खलित हुनेगरी व्यवहार पदर्शन गर्ने उल्लेखित नेताहरु जस्तै धेरै नेताहरुबाट सिक्न हुँदैन्।

● **सविन पनेरू**, नुवाकोट

# बजेट फ्रिज हुन नदिन खेलकुदमन्त्रीको निर्देशन



**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, २२ बाके

नेपाल सरकारका युवा तथा खेलकुदमन्त्री महेश्वर गहतराजले बाँकेमा विकास निर्माणका लागि आएको बजेट फ्रिज हुन नदिई तीव्रताका साथ कार्यन्वयन गर्नका लागि निर्देशन दिएका छन् ।

जिल्ला प्रशासन कार्यालय बाँकेको सभा हलमा बुधबार भएको कार्यक्रममा जिल्लाका सबै कार्यालयका प्रमुखहरुसँगको बैठकमा युवा तथा खेलकुदमन्त्री गहतराजले विकास निर्माणका लागि आएको बजेट फ्रिज हुन नदिई तीव्रताका साथ कार्यान्वयन गर्नका लागि निर्देशन दिएका हुन् ।

विकास निर्माणको अवस्था, आईपरेका समस्या र समाधानको उपाय खोजी गर्ने उदेश्यले आयोजना गरिएको बैठकमा मन्त्री गहतराजले विकास निर्माणको ठेक्का लिएका निर्माण कम्पनीहरुले ठेक्कापाई सकेपछि काम नगर्ने र ढिलासुस्ती गर्ने प्रचलनले विकासको गति पछि धकेलिएको स्मरण गराए ।

सौ बैठकमा एक दर्जन बढी कार्यालय प्रमुखहरुको उपस्थिति रहेको बैठकमा मन्त्री गहतराजले कुनैपनि कार्यालयलाई काम गर्न समस्या भएको खण्डमा आफुले सहजीकरण गर्ने प्रतिवद्धता समेत जनाए । कार्यालय प्रमुखहरुकाबीच सम्बोधन गर्दै मन्त्री गहतराजले काममा लापरवाही र ढिला सुस्ती गर्ने ठेकेदार कम्पनीहरुलाई सम्बन्धित कार्यालयले निरन्तर अनुगमन गरी रहने र जनतालाई पनि दवाव सिर्जना गर्न पनि लगाउनुपर्ने बताए ।

सो बैठकमा सिक्टा सिँचाई आयोजना, हुलाकी सडक, बाँकेमा पूर्ण विद्युतीकरण लगायत जिल्लाका विभिन्न स्थानमा निर्माण हुन लागेका सडक तथा पुल र विकास निर्माणको कार्यान्वयनको अवस्थाका बारेमा सम्बन्धित कार्यालय प्रमुखरुसँग जानकारी लिने काम भएको थियो । बैठकमा उपस्थित सम्पूर्ण कार्यालय प्रमुखहरुले समयमै काम सम्पन्न गर्ने प्रतिवद्धता जनाएका छन् । यसअघि मन्त्री गहतराजले मंगलबार पनि कोहलपुर क्षेत्रका कार्यालय प्रमुखहरुसँग छलफल गरेका थिए ।

# योजनाबद्ध रुपमा श्रेष्ठको हत्या

**भक्तपुर/मस**-आफूले लिएको ऋण तिर्नु नपरोस् भन्दै आफ्नै मिल्ने नजिकका साथीले सूर्यविनायक नगरपालिका-३ बालकोट बस्ने ३३ वर्षीय राजन श्रेष्ठको फर्माले हानेर हत्या गरेका छन् ।

मध्यपुरथिमि नगरपालिका-३ गट्ठाघर र सूर्यविनायक नगरपालिका-३ बालकोटको सिमाना हनुमन्ते खोला किनारामा सूर्यविनायक-१ सिरुटार पुरानो घर भई सूर्यविनायक-३ बस्ने श्रेष्ठको मंगलबारराति पौने १० बजे कुटपिट गरी फर्माले हानेर हत्या गरिएको प्रहरीले जानकारी दिएको छ ।

हत्यामा संलग्न रहेको अभियोगमा बालकोट बस्ने राजनकै साथी करिब ३२ वर्षीय हेमन्त श्रेष्ठ र मजदुरी गर्ने प्रेम विकलाई प्रहरीले पक्राउ गरी महानगरीय प्रहरी वृत्त थिमिमा राखेर थप अनुसन्धान गरिरहेको जनाएको छ ।

महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक शिव श्रेष्ठले बिहान अपराध अनुसन्धान महाशाको टोली र जिल्लाको प्रहरी कार्यालयको टोलीसहित तालिम प्राप्त कुकुरको सहायताबाट घटनाबारे थप रहस्य खुलाउँदै हत्याको घटनामा संलग्न रहेको आशंकामा पक्राउ गरी अनुसन्धान गरेको जानकारी दिए । यसबारेमा थप विस्तृत विवरण साँझसम्ममा सार्वजनिक गर्ने उनले जानकारी दिए ।

महानगरीय प्रहरी वृत्त थिमि, प्रहरी परिसर भक्तपुर र अपराध अनुसन्धान महाशाखाको टोलीले गरेको अनुसन्धानमा प्रहरीले जानकारी दिएको छ । यसबारेमा महानगरीय प्रहरी वृत्त थिमिका प्रहरी नायब उपरीक्षक नरहरि रेग्मीले अनुसन्धान जारी रहेको बताए । उनका अनुसार राजनले हेमन्तसँग लिनुपर्ने पैसा दिन्छौँ भन्दै हेमन्तले गट्ठाघरबाट सँगै लगेर फलामे पुल तरेपछि एकान्त ठाउँमा पुऱ्याएर कुटपिट गरेको र प्रेमले फर्माले हानेर हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

लेनदेनबाटै घटना सृजना भएको पाइएको उनले बताए । हत्या गर्ने र शवसमेत गायब पार्ने गरी योजनाबद्ध रुपमा घटना घटाइएको पाइएको प्रहरीको भनाइ छ । राति कुटपिट गरेको स्थानीय मजदुरले देखेपछि प्रहरीलाई खबर गरेर प्रहरीकै सहयोगमा श्रेष्ठलाई राति १० बजे उद्धार गरी उपचारका लागि मध्यपुर लैजाँदा अस्पतालले मृत्यु भएको जानकारी गराएको उनले जानकारी दिए । मृतक श्रेष्ठको मुख र निधारमा गहिरो चोट रहेको छ ।


## वहराइनमा बैदेशिक रोजगारको अवसर

Com: BAHRAIN SPECIAL TECHNICAL SERVICES STS CO WLL शहर: Bahrain, na
पूर्व स्वीकृती मिति: २०७८/०८/२२ चलानी नं. ६०१६९८७३ LT No.: 253289

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Scaff Older | 28 | काममा दक्ष | 150 | ४८,१४५ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ बर्ष |
| २. | Foreman | 5 | | 150 | ४८,१४५ | | | | | | | |
| ३. | Supervisor | 3 | | 550 | १,७६,५३४ | | | | | | | |

अन्तरवार्ता: २०७८ पुस १ गते (16 Dec, 2021) मा यस प्रा. लि. को कार्यालय काठमाडौंमा हुनेछ ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | कम्पनीले | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैले | रु ७००/- कामदार आफैंले | रु १५००/- कामदार आफैंले | रु.१०,००० | रु.१०,००० |

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**डाईनामिक सेल्स एण्ड सर्भिस प्रा. लि.**
बसुन्धारा चौकी, काठमाडौं, नेपाल श्रम इजाजत नं.: १०९/०५४/०५५
फोन नं.: ४३५४६१४, ४३५६८३१, ४३५६६२५, फ्याक्स: ४३५५५७०



## साउदीमा रोजगार

१. कम्पनी: SHADIA HABIB BIN FADL AL RAHMAN DALI TRADING EST शहर: JEDDAH
पूर्व स्वीकृत मिति: २०७८/०८/२२ चलानी नं.: ६०१६९९२२ LT. No.: 253195

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३२,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: AYEDH SAEED MOAIDH HAWAZI GENERAL CONTRACTING EST शहर: JEDDAH
पूर्व स्वीकृत मिति: २०७८/०८/२२ चलानी नं.: ६०१६९९२३ LT. No.: 253196

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Whole vehicle Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ५७,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: SALEH TURKI AL RADAHI FARM शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०८/२२ चलानी नं.: ६०१६९९२६ LT. No.: 253193

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३२,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: SWEET SWEETS AND NUTS EST शहर: JEDDAH
पूर्व स्वीकृत मिति: २०७८/०८/२२ चलानी नं.: ६०१६९९२५ LT. No.: 253194

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३२,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी: WAFRA INTERNATIONAL COMPANY FOR FOOD INDUSTRIES शहर: JEDDAH
पूर्व स्वीकृत मिति: २०७८/०८/२२ चलानी नं.: ६०१६९९२४ LT. No.: 253197

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | packaging and wrapping labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३२,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुष १ गते (16 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**FAZAL INTERNATIONAL PVT. LTD.**
Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4481208, 4481209, Fax: 4481210


## Shubhakalika Rural Municipality

## Office Of The Rural Municipal Executive

**Karnali Province**
**Sukatiya Kalikot, Nepal**

### Invitation for Bids

**IFB No: SRM/KKT/GOODS/SQ/01/2078-2079**
**Date of First Publication: 2078/08/23(9th Dec, 2021)**

1. Shubhakalika Rural Municipality Sukatiya, Kalikot invites Sealed Quotation from the eligible suppliers for the goods of sealed quotation given in table below under invitation of sealed quotation.

| S.N | Contract Identification Number/Goods Description | Bid Security Amount (NRs) | Estimated Amount with VAT | Bid Document Fees (NRs) |
|---|---|---|---|---|
| 1 | SRM/KKT/GOODS/SQ/01/2078-2079 Procurement of Gabion box and supply of It SRM Ward no 6 Haudi. | 36,000 | 1440000 | 1000 |

Eligible Bidders may obtain further information at the office of ***Shubhakalika Rural Municipality Office, Sukatiya Kalikot Contact No:-9848118811***

2. Bidder bidding documents , submitting their bid hard copy only, bidder should deposit the cost of bidding document fee stated in the above table in the Project's Rajaswa (revenue) account as specified below and the Origional copy of the Bank deposit voucher shall be provided by the bidder at the time of hard copy submission of the bids. At ***Shubhakalika Rural Municipality Office, Sukatiya Kalikot.*** Information to deposit the cost of bidding document in Bank:
   **Name of Bank :-Agricultural Development Bank limited**
   Name of Office:-**Shubhakalika Rural Municipality**
   Office Code no :- **801066504 Rajaswo Account no :-0725901535669050**
3. Pre bid meeting shall be held at Shubhakalika Rural Municipality Office, Sukatiya Kalikot at 12 noon (2078/08/28), 14th Dec, 2021.
4. Bids must be submitted to,Shubhakalika Rural Municipality Office, Sukatiya Kalikot On or before 04:00 Noon. On (2078/09/08), 23th December, 2021.
5. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at 12:00 hrs. on (2078/09/09),24th December, 2021. at Shubhakalika Rural Municipality Office, Sukatiya, Kalikot. Bid validity period and Bid security validity period for bids shall be 30 days and 45 days from bid opening date If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Account no : **0725901535669042,Shubhakalika Rural Municipality Office, Sukatiya, Kalikot** and Name of Bank :- **Agricultural Development Bank limited** and submit bank deposit voucher along with the bid.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
8. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations, 2064 and other prevailing rules and regulations of Nepal.

**Asst. Chief Administrative Officer**


## साउदीमा रोजगार

कम्पनी: ALI ABDUL AZIZ AL SUNAIDI CAR SHOWROOM शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०७८/०८/२२ चलानी नं.: ६०१६९८५२ LT. No.: 253233

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pan Road Machinery Driver | 3 | 0 | स. काममा दक्ष | 2500 | ८०,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस २ गते (16 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Al Sasha Overseas Pvt. Ltd.** Gov. Lic No. 1488/074/075
Pingalasthan, Gaushala, Kathmandu, Tel: 4492240, 4492241



## कतार र साउदीमा रोजगार

१. कम्पनी: GREEN TARA SUPERMARKET शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०८/२२ चलानी नं.: ६०१६९८५१ LT. No.:252734

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesman | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४२,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cashier | 2 | 0 | | 1300 | ४२,९९० | | | | | | | |
| 3. | Assistant Mechanic | 2 | 0 | | 1200 | ३९,६८५ | | | | | | | |

२. कम्पनी: ALRASHIQ ALTAWIL FOUNDATION FOR CATERING SERVICES शहर: Saudi
पूर्व स्वीकृत मिति: २०७८/०८/२२ चलानी नं.: ६०१६९८६६ LT. No.:252954

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 5 | 0 | स. काममा दक्ष | 1400 | ४४,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस १ गते (16 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Al-karim Human Resources Pvt.ltd**
Chakrapath, Kathmandu, Tel 01-4421108, 4421056
Email : alkarimhumanresources2017@gmail.com, Website : www.alkarimhumaresources.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: JUST RESTAURANT MANOUSHE COMPANY. शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०७८/०८/२२ चलानी नं.: ६६०१६९८७१ LT. No.:253039

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 10 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ३९,७६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper | 0 | 10 | | 120 | ४७,७७२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुष २ देखि ५ गते सम्म (17 to 20 Dec. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**A.M.B. HUMAN RESOURCES PVT. LTD.**
Basundhara-03, Kathmandu | Tel: 01-4390204, Fax: 01-4390205 Lic. No.: 892/067/068



## UAE मा वैदेशिक रोजगारको अवसर

Company : EJADAH ASSET MANAGEMENT GROUP LLC City : DUBAI
पूर्व स्वीकृत मिति: २०७८/०८/२२ चलानी नं.: ६०१६९८८२ LT. No.: 253295

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Male | 200 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २६,२२४ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner Female | 0 | 130 | | 900 | २९,५०२ | | | | | | | |
| 3. | Team Leader-cleaning | 20 | 10 | | 1500 | ४९,१७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पौष १ गते (16 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**पास इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ८७२/०६६/०६७
पास हाउस, सामाखुसी, काठमाडौं, (अल नेपाल हस्पिटलको बाटो नेचर बोर्डिङ स्कुलसँगै)
फोन नं.: ०१-४३८०८११, ०१-४३८१३२२, ०१-४३८१४२२,



## कतारमा रोजगार

१. कम्पनी: AL SARF TRADING & CONT. EST. शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७७/१०/०८ चलानी नं.: ६०१५४२२७ LT. No.: 235799 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३३,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gen Technician | 1 | 0 | | 1100 | ३६,३७७ | | | | | | | |

२. कम्पनी: OMAN UNITED CONTRACTING EST. शहर: QATAR
पूर्व स्वीकृत मिति: २०७७/१०/२७ चलानी नं.: ६०१५४४७३ LT. No.: 236031 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३६,३७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mechanic | 1 | 0 | | 1100 | ३६,३७७ | | | | | | | |
| 3. | Heavy Equipment Driver | 3 | 0 | | 1300 | ४२,९९१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ पुस १ गते (16 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

